'मातृभाषासँगै अङ्ग्रेजी सिक्नु जरुरी छ' पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com





वर्ष २६ • अंक १६४ • २०८१ साल कार्त्तिक २५ गते आइतबार (10 November, Sunday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-


# मेला व्यवस्थापन प्राधिकरण गठनको माग

## प्रदेश सरकार गेट र पण्डालमा, आवास, भोजन मन्दिरले गर्ने

**टुडे समाचारदाता**

जनकपुरधाम । सीताराम विवाह महोत्सवमा आउने जन्तीको आवास र भोजनको व्यवस्थापन जानकी मन्दिरले नै गर्ने भएको छ।

मधेश प्रदेश सरकार विवाह पञ्चमी मेला व्यवस्थापनका लागि स्वागतद्वार र पण्डाल बनाउन चासो देखाएको छ। पण्डाल र स्वागतद्वारमा जति खर्च देखाए पनि हिसाब मिलान गर्न कठिनाइ नहुने भएकाले प्रदेश सरकार त्यसमा चासो देखाएको छ।

विवाह महोत्सवमा सहयोग गर्न मन्त्रिस्तरीय समिति नै गठन गरेको सरकारले ठोस कार्यहरु गर्ने चाहना देखाएको छैन। प्रदेश सरकारले 'मौकामा चौका' हान्न मात्र खोजेको बैठकका सहभागीहरुले बताएका छन्।

मारवडी सेवा समितिका अध्यक्ष निर्मल कुमार चौधरीले विगतमा २ सयको संख्यामा आउने जन्तीको आवास र भोजनको व्यवस्थापन गरे पनि यसपटक ५ सय बढीको संख्यामा आउने भएकाले गर्न नसक्ने जनाएका छन्।

'सेवा समितिको क्षमता अनुसारको सहयोग हामी गर्ने छौँ' अध्यक्ष चौधरीले भने, तर जन्ती धेरै रहने भएकाले त्यसको व्यवस्थापन समितिबाट कठिन छ। विवाह महोत्सवको दिन निःशुल्क भोजनको व्यवस्था गर्ने जातीय संघसंस्थाहरुले जन्तीलाई भोजनको व्यवस्था गर्न उनले आग्रह गरे।

तर विवाह महोत्सव मूल समारोह समितिका अध्यक्ष समेत रहेका जानकी मन्दिरका महन्त रामतपेश्वर दास वैष्णवले आवास र भोजनको व्यवस्था मन्दिरले नै गर्ने बताए।

विवाह पञ्चमी मूल समारोह समितिको शनिबार अध्यक्ष महन्त वैष्णवको अध्यक्षतामा बसेको बैठकमा समिति उपसमितिलाई महोत्सव भव्यतापूर्वक सम्पन्न गर्ने कार्यलाई तीव्रता दिन आग्रह गरिएको छ। बैठकले महोत्सवको तयारीका क्रममा आइपर्ने समस्या



समाधानका लागि मूल समितिसंग परामर्श र सहयोग लिई जिम्मावारीलाई वहन गर्ने निर्णय गरेको छ।

महोत्सवमा प्रदेश सरकारको भूमिका निर्वाहका बारेमा सोधिएको प्रश्नको जवाफमा जानकी मन्दिरका महन्त एवम् महोत्सव मूल तयारीका अध्यक्ष वैष्णवले मूल समितिले प्रदेश सरकारलाई दिएको जिम्मेवारीबारे प्रदेश सरकारले आफैं छुट्टै बैठक बसी थप जानकारी गराउने बताए।

बैठकमा उपस्थित प्रदेश सरकारका प्रतिनिधि एवम् शिक्षा तथा संस्कृति मन्त्री रानी कुमारी तिवारीले प्रदेश सरकारले रेड बुकमै विवाह पञ्चमी महोत्सवका लागि बजेट छुट्याएको जानकारी गराउँदै प्रदेश सरकारले जानकी मन्दिरसंग समन्वय गरी भूमिका निर्वाह गर्ने बताइन्। जन्ती नेपाली भूमिमा प्रवेश गर्ने नाका मटिहानीदेखि जनकपुरधामसम्म बाटोभरि स्वागतद्वार बनाउने प्रतिवद्धता व्यक्त गरिन्।

बैठकमा धनुषाका प्रमुख जिल्ला अधिकारी रामुराज कडरियाले धनुषा जिल्लाभरिका सम्पूर्ण मातहतका सरकारी कार्यालयहरुका प्रमुखसंग बैठक बसी विवाह पञ्चमी महोत्सवमा गर्नु पर्ने सहयोग र जिम्मावरी निर्वाह गर्न आदेश दिने बताए।

बैठकमा जनकपुरधाम उपहानगरपालिकाका मेयर मनोज कुमार साहले ठाउँ ठाउँमा खानेपानी र शौचालयको व्यवस्था गर्ने बताए। 'मेला भर्न आउने श्रद्धालुहरुका लागि पिउने पानी र शौचालयको आवश्यक व्यवस्था जउमनपाले गर्नेछ' उनले भने, तीर्थयात्रीहरुको आवासका लागि सरोवरहरुको डिलमा पण्डाल लगाइनेछ।

जनकपुरधाम उपमहानगरपालिकाले बाह्रबिघामा सजावट, शौचालय, पिउने पानी लगायतको सुविधा उपलब्ध गराउँदै आएको छ।

बाह्रविघामा रहेको मञ्चको व्यवस्थापन र आवासको व्यवस्था मिलाउन बैठकमा सहभागीहरुले ध्यानाकर्षण गराएका थिए। उनीहरुले बाह्रविघाको मञ्चमा सीता स्वयम्बरको दृश्यलाई जानकी मन्दिर र राममन्दिरका महन्तले संयुक्त रुपमा कम्तीमा आधी घण्टा सर्वसधारणलाई दर्शन गराउन आग्रह गरे।

हाल बाह्रविघामा स्वयम्बर भए पनि त्यहाँ औपचारिकता निर्वाह गरी नगरपरिक्रमाका लागि प्रस्थान गर्ने भएकाले सर्वसधारणले अलौकिक दृश्य दर्शनबाट वञ्चित रहने गरेका छन्।

मधेश प्रदेशमा नियमित रुपमा मेला, ठूला पर्वत्यौहार, उत्सवहरु आयोजना भइरहने गरेकाले प्रदेश स्तरीय मेला व्यवस्थापन प्राधिकरण गठन गर्नुपर्ने बैठकमा माग उठेको छ।

मधेश प्रदेशमा पर्यटन प्रवर्द्धन गर्न स्थायी रुपमा नै मेला व्यवस्थापनका लागि प्रदेश स्तरीय प्राधिकरण बनाउनुपर्नेमा सहभागीहरुले जोड दिएका छन्।

मधेश प्रदेशमा मेला व्यवस्थापन, आयोजना, नयाँ पर्यटकीय स्थलहरुको पहिचान र विकास लगायतका कार्यहरु प्राधिकरणले गर्ने भएपछि मेला व्यवस्थापनमा समस्या नआउने सहभागीहरुले बताए।

हरेक पाँच वर्षमा अयोध्याबाट ५ सय बढीको संख्यामा अति विशिष्ट सन्तमहन्तहरुको सहभागितामा जन्ती आउने गरेको छ। त्यसको व्यवस्थापन जानकी मन्दिरले नै गर्दै आएको छ।

सीताराम विवाह महोत्सवमा बाह्रविघामा शौचालयको व्यवस्था गर्ने बृहत्तर जनकपुर क्षेत्र विकास परिषदमा यस वर्ष कर्मचारीहरुले ११ महिनादेखि तलब नै पाएका छैनन्। अध्यक्ष शीतल साहले व्यवस्थापन गर्ने भने पनि कार्यालयमा बजेट छैन।

अतिविशिष्ट जन्तीका लागि बृहत्तरले यात्री निवास उपलब्ध गराए, त्यसका लागि भाडा तिर्नुपर्ने छ। विगतको भाडा नै बाँकी रहेकाले यस वर्ष माग गर्न पत्राचार नभएको कर्मचारीहरुले जनाएका छन्।

# 'वीरगञ्जका मेयरलाई कारबाही हुन्छ'



**टुडे समाचारदाता**

वीरगञ्ज। नेपाली कांग्रेसका महामन्त्री गगन कुमार थापाले वीरगञ्ज महानगरपालिकाका मेयर राजेशमान सिंह माथि किर्ते मुद्दामा कारबाही हुने दाबी गरेका छन्। तराई-मधेशको महान् छठ पर्व अवलोकन गर्न आएका पूर्वमन्त्रीसमेत रहेका महामन्त्री थापाले पर्साका कांग्रेसीजनलाई अनैतिक र गैरकानुनी गर्ने जो कोहीलाई पनि वर्तमान सरकारले नछाड्नेमा ढुक्क रहन दाबी गरे।

जन्मदर्ता र नागरिकता जस्ता सरकारी कागजात किर्ते अभियोगमा आरोपित वीरगञ्जका मेयर सिंहलाई कारबाही नभएको भन्दै पर्सा कांग्रेसका सभापति जनार्दन सिंह क्षेत्रीले विरोध गरेपछि महामन्त्री थापाले पर्साका कांग्रेसी नेता तथा कार्यकर्ताहरुलाई सरकार र पार्टीको साझा धर्नाबारे स्पष्ट पारे।


कार्यक्रममा मधेश प्रदेशका कृषि मन्त्री तथा नेपाली कांग्रेसका जिल्ला सभापति क्षेत्रीले आफ्नै पार्टीको गृहमन्त्री भएको बेलामा मेयर सिंह माथि कारबाही किन नभएको भन्दै प्रश्नसमेत गरे।

प्रदेशका मन्त्री क्षेत्रीले महामन्त्री थापालाई कानुनी राज्यको खिल्ली उडेको भन्दै तत्काले मेयर सिंहलाई कारबाही गर्न माग गरे।

कार्यक्रममा नेपाली कांग्रेसका २ नम्बरका क्षेत्रीय सभापति मोहम्मद साबुउद्दिनले मेयर सिंहले गरेको नागरिकता किर्तेकाण्डबारे प्रष्ट पार्दै कारबाहीको माग गरे।







# 'नीजि स्वार्थलाई हटाउने हो भने कम्युनिष्ट पार्टी एकताबद्ध हुन समय लाग्दैन'

काठमाण्डु । जनताको सर्वोत्तम हितलाई केन्द्रमा राखेर 'लेनिन'ले अगाडि सार्नुभएको विचारलाई नेपाली विशेषताअनुसार विकास गर्नुपर्नेमा वामपन्थी नेताहरूले जोड दिएका छन् ।

लेनिन स्मृति शतवार्षिकी मूल आयोजक समितिले शनिबार आयोजना गरेको 'अक्टोबर क्रान्ति र लेनिन' विषयक विचार गोष्ठीमा नेताहरूले कम्युनिस्ट आन्दोलनका शीर्ष नेता भीआई लेनिनले अगाडि सार्नुभएको विचारलाई नेपाली विशेषतामा थप परिस्कृत र समृद्ध बनाउनुपर्नेमा जोड दिएका हुन् । नेपालका अधिकांश कम्युनिस्ट पार्टीले लेनिनवादी संगठनात्मक सिद्धान्त अपनाएको भए पनि कमजोरी स्वीकार गरेर त्यसअनुसार विकास गर्न नसकेको नेताहरूको धारणा थियो ।

जतातत‍ै कम्युनिस्ट पार्टी भए पनि उनीहरु एकता हुन नसकेको, वैचारिक, राजनीतिक एवम् संगठनात्मक विषयमा समान धारणा हुन नसकेको तथा व्यक्तिकेन्द्रीत प्रवृत्तिका कारण वामपन्थी आन्दोलन समृद्ध बन्न नसकेको उहाँहरुको भनाइ थियो ।

कार्यक्रममा नेकपा (एकीकृत समाजवादी) का महासचिव घनश्याम भुसालले नेताको नीजि स्वार्थलाई हटाउने हो भने कम्युनिष्ट पार्टी एकतावद्ध हुन एकाध दिनभन्दा बढी समय नलाग्ने बताउनुभयो । पार्टीअनुसार नै लेनिनलाई हेर्ने दृष्टिकोण रहेको र त्यसमा एकरुपता कायम हुन नसकेको तथा व्यक्तिगत स्वार्थका कारण विचारमा भ्रष्टीकरण हुन पुगेको उहाँको भनाइ छ । महासचिव भुसालले भन्नुभयो,"यतिबेला हामीले खास अर्थमा लेनिनवादलाई अङ्गीकार गर्ने हो भने घुस नखाने पार्टी बनाउनुपर्छ । त्यसो मात्रै गरियो भने पनि क्रान्ति आफैं अगाडि बढ्छ ।" लेनिनवादको नाम जप्दै कम्युनिस्ट पार्टीका नेताले नै मानव तस्करी गरिरहेकामा उहाँले रोष प्रकट गर्नुभयो ।

नेकपा (माओवादी केन्द्र) का युवा नेता लेखनाथ न्यौपानेले नेपाली विशेषतामा आधारित भएर लेनिनले अगाडि सार्नुभएको विचारलाई थप समृद्ध बनाउनुपर्ने बताउनुभयो । उहाँले क्रान्तिकारी पार्टी निर्माणका लागि विचार नै प्रमुख सर्त भएको धारणा राख्नुभयो ।नेकपा(क्रान्तिकारी माओवादी)का नेता जगदिशचन्द्र भण्डारीले देशमा कम्युनिस्ट नै कम्युनिस्ट भए पनि क्रान्तिकारी कम्युनिस्ट पार्टीको अभाव रहेको बताउनुभयो ।रासस

# विश्वशान्तिका लागि योग, यज्ञ र ध्यानको आवश्यकतामा जोड



काठमाण्डु । विश्वशान्तिका लागि योग, यज्ञ र ध्यान नै महत्वपूर्ण हुनेमा जोड दिइएको छ। नेपाल महर्षि वैदिक फाउन्डेसनले यहाँ आयोजना गरेको वैदिक विज्ञान र आधुनिक विज्ञान दोस्रो महासम्मेलनको तेस्रो दिनको कार्यक्रममा महामण्डलेश्वर स्वामी आत्मानन्द गिरिले विश्वशान्ति स्थापनामा योगदान गर्ने योग, यज्ञ र ध्यानको संस्कारलाई भावी पुस्तामा पनि हस्तान्तरण गर्नुपर्नेमा जोड दिनुभयो ।

यसका लागि फाउन्डेसनले वैदिक साम्यवादको अवधारणा अगाडि बढाउनुपर्ने उहाँको भनाइ थियो । हाम्रा पुर्खा अशिक्षित भए पनि उहाँहरूले दिएको संस्कारले अहिलेसम्म पनि काम गरिरहेको उल्लेख गर्नुहुँदै गिरिले संस्कार हस्तान्तरणमा पनि यस्ता कार्यक्रम सहयोगी हुने बताउनुभयो ।

महर्षि व्यवस्थापन विश्वविद्यालय आयोवा अमेरिकाका पूर्वकुलपति डा जोन हेगलिनले चेतनामा आधारित शिक्षा, योग, यज्ञ र ध्यानका माध्यमबाट नेपालले वैदिक ज्ञानको विश्वव्यापी नेतृत्व गर्न सक्ने बताउनुभयो । महर्षिले पनि वैदिक ज्ञानको नेतृत्व हिमालयको देश नेपालले गर्न सक्छ भन्नुभएको उहाँले स्मरण गर्नुभयो ।

वैदिक दर्शनका विद्वान् डा गुरुप्रसाद सुवेदीले स्थान र शुद्ध समयमा गरिने यज्ञले नै विश्व शान्तिका लागि योगदान गर्ने भएकाले यस्ता कुरामा पनि ध्यान दिनुपर्ने सुझाव दिनुभयो । शुद्ध यज्ञका लागि स्थानीय गाईकै दुध, दहीलगायत सामग्री चाहिनेमा पनि उहाँले जोड दिनुभएको थियो ।

फाउन्डेसनका अध्यक्ष एवं पूर्वगृह राज्यमन्त्री दीपकप्रकाश बास्कोटाले महायज्ञ एवं महासम्मेलन आइतबार समापन गरिने जानकारी दिनुभयो । विश्वशान्ति, समृद्धि र विकासका लागि वैदिक विज्ञान र आधुनिक विज्ञानलाई एकसाथ लैजानुपर्नेमा उहाँको जोड थियो।

महर्षि नेपाल आउनुभएको स्वर्ण महोत्सवका अवसरमा महासम्मेलनसँगै विश्व कल्याणका लागि अतिरुद्री विराट महायज्ञ पनि आयोजना गरिएको छ ।

महर्षि महेश योगीले पनि ५० वर्षअघि नेपाल आउँदा हिमालयको काखमा रहेको नेपालले वैदिक ज्ञानका माध्यमबाट विश्वलाई शान्तिको सन्देश दिन सक्ने उद्घोष गर्नुभएको थियो ।

बिहीबारदेखि सुरु भएको महायज्ञ कात्तिक २५ गतेसम्म सञ्चालन हुनेछ । महायज्ञमा भावातीत ध्यान र सिद्धि साधना गरिरहेका एक हजार १११ वैदिक पण्डितले रुद्राभिषेक गरिरहेका छन् ।रासस

# कारागारबाट सुरुङ खनी फरार भएका यादव पक्राउ




इनरुवा । सुनसरीको रामधुनी नगरपालिकास्थित क्षेत्रीय कारागार झुम्काबाट सुरुङ खनी फरार भएका एक जनालाई प्रहरीले पक्राउ गरेको छ। फरार भएको १२ वर्षपछि सुनसरी प्रहरीले ती व्यक्तिलाई पक्राउ गरर शुक्रबार सार्वजनिक गरेको हो ।

पक्राउ पर्नेमा इनरुवा-५ बलहाका विनायककुमार यादव रहेको सुनसरीका प्रहरी उपरीक्षक सुमनकुमार तिम्सिनाले जानकारी दिनुभयो । कर्तव्यज्यान र हातहतियार खरखजना मुद्दामा कैदा भुक्तान गरिरहेका यादवसहित १२ जना २०६९ कात्तिक २३ गते फरार भएका थिए । विसं २०६५ वैशाख १६ गते विनायककुमार र श्यामकुमार यादवले प्रकाशपुर-६ का ३९ वर्षीय केशव कार्कीलाई गोली प्रहार गरी घाइते बनाएका थिए। उहाँको उपचारका क्रममा बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा मृत्यु भएको थियो ।

विनायकलाई कर्तव्यज्यान तथा हातहतियार खरखजाना मुद्दामा जिल्ला अदालत सुनसरीले २०६५ जेठ ८ गते २० वर्ष ८ महिना १४ दिन कैद फैसला गरेको थियो। यादवसहित १२ जनाको समूहले २०६९ कात्तिक २३ गते क्षेत्रीय कारागार झुम्कामा पर्खालको भित्री भगबाट सुरुङ खनी भागेका थिए । विनायकलाई जिल्ला प्रहरी कार्यालय सप्तरीले गोबरगाडाबाट पक्राउ गरी सिन्धुपाल्चोक कारागारमा कैद भुक्तानीका लागि पठाइएकामा २०७२ वैशाख १२ गते उनी कारागारबाट भागेका थिए। विनायक लामो समयदेखि भारतको सुपौलस्थित शिवनगरग्राम पञ्चायत रानीगञ्जमा बस्दै आउनुभएको थियो ।

छठ मनाउन नेपाल आएका बेला विनायकलाई पेस्तोल एक थान र त्यसमा प्रयोग हुने ११ राउन्ड गोलीसहित पक्राउ गरिएको प्रहरी उपरीक्षक तिम्सिनाले जानकारी दिनुभयो। झुम्का कारागारबाट सुरुङ खनेर फरार भएका ११ जना अझै फरार छन् । रासस

# भाषाको संरक्षण घरबाटै हुनुपर्छ : सञ्चारमन्त्री गुरुङ

दमौली । सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले भाषाको संरक्षण घरबाटै हुनुपर्ने बताउनुभएको छ। तमु विद्यार्थी छोंज धींको शनिबारदेखि दमौलीमा सुरु भएको बाह्रौं महाधिवेशनको उद्घाटन गर्नुहुँदै उहाँले भाषा लोप भए संस्कृति पनि लोप हुने भएकाले भाषा, संस्कृतिको संरक्षणमा लाग्नुपर्ने बताउनुभयो ।


मन्त्री गुरुङले घरबाटै आफ्नो भाषामा बोल्ने संस्कृतिको विकास गर्नसकेमा भाषाको संरक्षणमा योगदान पुग्ने भन्नुहुँदै छोराछोरीसँग बोल्दा आमाबाबुले मातृभाषामा बोल्नुपर्नेमा जोड दिनुभयो । सरकारका प्रवक्ता मन्त्री गुरुङले गुरुङ जातिको मात्र नभइ हरेक जातजातिको भाषा संरक्षणका लागि सरकार प्रतिबद्ध रहेको बताउनुभयो ।

उहाँले युवाहरू स्वदेशमै बसेर काम गर्नुपर्ने र त्यसका लागि आत्मनिर्भर बन्ने बाटोतर्फ अगाडि बढ्नुपर्ने धारणा राख्नुभयो । "देशमै बसेर केही गर्न सकिन्छ भन्ने भावना बोकेर अगाडि बढ्न युवालाई मेरो आग्रह छ। त्यसका लागि प्राविधिक शिक्षा पढ्न आवश्यकता छ, जसले आफ्नो खुट्टामा उभिन सघाउ पुग्नेछ", मन्त्री गुरुङले भन्नुभयो ।

एकअर्को प्रसङ्गमा उहाँले नेपालको निजामति, सुरक्षा निकाय, बैङ्किङ्लगायत सबै क्षेत्रमा गुरुङ समुदाय पछाडि परेको र यसमा लाहुरे संस्कृति बाधक रहेको जिकिर गर्नुभयो । मन्त्री गुरुङको भनाइ थियो,"लाहुरे संस्कृतिले राज्यका निकायमा प्रतिनिधित्व कमजोर बन्यो । यस विषयमा गम्भीर भएर सोचौं र गुरुङ जातिका सङ्घसंस्थाबाट आएका व्यक्ति नेपालको राष्ट्रिय राजनीतिमा आउनुपर्छ। यी सङ्घसंस्था हाम्रा शक्तिकेन्द्र हुन्, यहाँबाट उत्पादन भएका हरेक व्यक्ति नेपालको राजनीतिमा आउन सक्नुपर्छ । तमु विद्यार्थी सङ्गठनमा रहेका युवाले देशको प्रधानमन्त्री, मन्त्री, सचिव बन्ने सपना देख्नुपर्छ ।"रासस



# "ठाडो भाकाको लोक सांस्कृतिक इतिहास" पछ्याउँदा




काठमाण्डु । लोकगीत जनसमुदायको धड्कन हो, यो कहिल्यै मर्दैन । यो समाजले गाएको हुन्छ, समाजले बचाएको हुन्छ र समाजले नै एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण गर्दै जान्छ । नेपाल भूगोलमा सानो भए पनि पनि विश्वमा यसको अलग्गै पहिचान बनाउने मुख्य तीन आयाम भूगोल, प्रकृति र संस्कृति नै हो ।

कुनै पनि राष्ट्रको संस्कृति भनेको त्यस देशको सम्पत्ति हो। त्यसमा पनि लोकसंस्कृतिले जनताका धड्कनलाई बोक्ने हुँदा लोकसमुदायका आँशुहाँसो, सुखदुःख, मिलनबिछोड, जीवनयापनका अनेक उकालीओराली, लोकपरिवेश, लोकमान्यता र लोकविश्वासको प्रतिनिधित्व गर्छ ।

हाम्रा पहिचान बनेका संस्कृति, वेशभूषा, परम्परा र रीतिरिवाजलाई लोकभाकाका माध्यमबाट जीवन्त राख्ने अनेक लोकभाकामध्ये ठाडो भाकाको आफ्नै वैशिष्ट्य छ । लोकसंस्कृतिको मुहान नै मान्ने गरिएको गण्डकी क्षेत्र, त्यसमा पनि लमजुङ जिल्लामा बढी गाइने यस गीतको महिमा मुलुकमा मात्र सीमित नरहेर विश्वका कुनाकुनामा फैलिँदो छ। यसको लय नेपाली गीतसङ्गीतका स्रोता र पारखीका हृदयमा अमिट छाप छाड्न सफल भएको छ ।

ठाडो भाकामा सामान्य लोकगीतभन्दा केही फरक शैली र मौलिकपन छ। यसमा गीत गाउने पुरुष उभिएर अर्थात् ठाडै भएर गाउने भएकाले यसलाई ठाडो भाका भनिएको हुनसक्छ। सामान्यतः यसमा महिला नाच्दैनन्, तिनले बसेरै गाउँछन् । ठाडो भाकामा एउटा समूह नेताले पहिला चरणमा अघिल्लो फेद भन्ने र दोस्रो चरणमा अन्त्यानुप्रास मिलाउँदै उही समूह नेताले पछिल्लो टुक्का भनी समूहले छोप्ने गरिन्छ।

अघिल्लाका तुलनामा पछिल्लो चरणको टुक्का लामो हुन्छ । पश्चिमा संस्कृति र सूचना प्रविधिको बढ्दो प्रभावसँगै पछिल्लो समय ठाडो भाका पनि अन्य लोकसंस्कृतिसँगै ओझेलमा पर्दै गएको छ। यसरी ओझेलमा परेको अमूल्य सम्पदालाई संरक्षण गर्दै यसको ऐतिहासिक पक्षदेखि अहिलेको अवस्थासम्मको विषयवस्तुलाई गहन ढङ्गबाट खोजी लमजुङ दुराडाँडा निवासी लालबहादुर भुजेलले पुस्तकका रूपमा ल्याएर भावी पुस्तालाई ठूलो गुन लगाउनु भएको छ।

भुजेलको 'ठाडो भाकाको लोक सांस्कृतिक इतिहास' पुस्तकले ठाडो भाकाका बारेमा जान्न, बुझ्न मात्र होइन, थप अध्ययन अनुसन्धान गर्नेहरूका लागि पनि बाटो नै खोलिदिएको छ। पुस्तक पढेपछि ठाडो भाकामा जो कोहीले पनि आफूलाई घुलन गराएरै छाड्छ । ठाडो भाकामा केटा पक्ष र केटी पक्षबीच तत्कालै ठाडै सवालजवाफ नगरी अनुनयविनय पारामा घुमाएर शालीन ढङ्गले उत्तर दिइन्छ।

आफ्नो गीतिधारबाट गाउँदा, भट्ट्याउँदा अर्को पक्षको इज्जत, आमोद एवं मान-मर्यादा-प्रतिष्ठामा आघात नपरोस् भन्ने हेतुले शिष्टता र नैतिकताको खुबै ख्याल गरिन्छ । लेखकले भने जस्तै यसमा छेडछाड गर्ने, होच्याउने, हुर्मत लिने, रिस-रागले नाङ्गेझार पार्ने मनसुवा भए पनि आफू तलै परी नम्र र सहिष्णुता अवलम्बन गरेर सुसंस्कारयुक्त र अनुशासित ढङ्गले व्यङ्ग्य गरी छेड हानिन्छ। यसमा तितो, टर्रो, छाडा, अश्लील र उच्छृङ्खल शब्दहरूको प्रयोग स्वीकाययोग्य हुँदैन, तिखो व्यङ्ग्यवाण प्रहार गर्ने सन्दर्भमा स्थानीय रैथाने बोलीचालीका भाषामा कूटनीतिक पाराले व्यवहार गरिन्छ। अरूलाई पेच पर्ने गरी कटु शब्दको प्रयोग गर्नु अव्यावहारिक र कुसंस्कारयुक्त ठानिन्छ।

मौलिक संस्कृतिका प्रतिपादक एवं प्रवर्द्धक देउबहादुर दुरा र पञ्चसुब्बा गुरुङले सुरुमा यस भाकाको श्रीगणेश गर्नुभएको थियो। यसमा बौद्धसिं गुरुङ र उहाँका उत्तराधिकारीका रूपमा मोतीलाल गुरुङले ठूलो योगदान गर्नुभयो । मोतीलालका शिष्यका रूपमा पञ्चसुब्बाले लमजुङ र कास्कीमा यसलाई विस्तार गर्नुभयो।

सुरुमा ठाडो भाका केटाकेटाबीच गाउने गरिन्थ्यो, यसो गर्दा रौनक नभएपछि महिलाले पनि गाउन थाले र यसप्रति जनमानसको आकर्षण बढ्दै गयो । विसं २००७ अगाडि, शास्त्रीय सङ्गीतको पाश्चात्य र पूर्वीय जगत्मा ठूलो बाहुल्य थियो भने विसं १९७० का दशकदेखि २०३० का दशकसम्म गण्डकी प्रदेशको भूभागमा ठाडो भाकाले बजार पिटेको राष्ट्रकवि माधव घिमिरेले पुस्तकका भूमिकामा लेख्नुभएको छ।

कृतिमा शुभकामना मन्तव्य भनिए पनि ठाडो भाकाका सम्बन्धमा घिमिरेबाहेक वाङ्मय शताब्दी पुरुष सत्यमोहन जोशी, संस्कृतिविद् डा जगमान गुरुङका अमूल्य विचार पनि पठनीय मात्र छैनन्, नेपाली लोकसाहित्य र लोकसंस्कृतिका बारेमा पाइने थुप्रै जानकारीले यसको गरिमालाई अझ उजिल्याएको छ। राष्ट्रकवि घिमिरेले आफ्नो भूमिका लेखनका क्रममा गण्डकी भेगमा कुनै बेला ठाडो भाका गायकगायिकालाई मात्र लोकदोहोरीका कलाकार ठानिने गरेकामा पछि यो सांस्कृतिक सम्पदा स्वदेशमा मात्रै नभएर विदेशमा समेत नेपालीको हृदयको ढुकढुकी साबित भएको प्रसङ्ग उल्लेख गर्नुभएको छ।

ठाडो भाकालाई दोहोरी गीतको जननी मानिन्थ्यो र गायकगायिका र ठाडोभाकाका पारखीहरू गाएर, नाचेर, सुनेर र हेरेर कहिल्यै नथाक्ने प्रसङ्ग उल्लेख गर्दै डा गुरुङले ठाडो भाका लोकसांस्कृतिक अलौकिक धरोहर, आफ्नै व्याकरण भएको विनयशील, शिष्ट विधा भएर पनि विलयका सङ्घारमा पुगेको भनी चिन्ता व्यक्त गर्नुभएको छ। संस्कृतिविद् जोशीले आफू लमजुङमा औद्योगिक सर्वेक्षणका काममा खटिएर जाँदा ठाडो भाकासँग परिचित हुन पाएको र जनस्तरबाट औधि रुचाइएको लोकगीतका रूपमा पाएको उल्लेख गर्नुभएको छ।

दुई सय ५४ पृष्ठको प्रस्तुत अनुसन्धानात्मक ग्रन्थमा भुजेलले नेपाली लोकगीतका क्षेत्रमा चर्चा बटुलेको ठाडो भाकाका बारेमा छ अध्यायमा विस्तृत र गहन अध्ययन गर्नुभएको छ । पहिलो अध्यायमा गण्डकी क्षेत्रको परिचयदेखि ठाडो भाकाको उत्पत्ति, विकासक्रममा विशिष्ट योगदान पुऱ्याएका बौद्धसिं, मोतीलाल, बखतबहादुर गुरुङ, पञ्चसुब्बा, देउबहादुर दुरा, मनिराम दुरा, आफली घर्तिनीदेखि भेडीखर्के साइँला भनिने दीर्घराज अधिकारीसम्मको व्यक्तित्व र उनीहरूले ठाडो भाकामा पुऱ्याएको योगदानको चर्चा छ।

दोस्रो अध्यायमा विभिन्न भेगमा गाइएका फरक शैलीमा ठाडो भाकाको चर्चा छ भने यसको पृष्ठभूमि र परिभाषा केलाइएको छ। तेस्रो अध्यायमा विभिन्न शीर्षकका ठाडो भाका छ, जसमा जनजीवनका अनेक पक्षदेखि सामाजिक कुरीति चिर्न गरिएका प्रयत्न र जीवनका सुखदुःखको लय छ।

सो अध्यायमा लेखकले भूकम्प र बाढीपहिरो, जुजु धौ, वैदेशिक रोजगारी, मानव बेचबिखन, खेलकुद, छुवाछुत प्रथा, अपाङ्गता, भ्रष्टाचार, नारी, आभूषण, ज्येष्ठ नागरिक, भौगोलिक अवस्था, कृषि तथा पशुपालन, पर्यटन व्यवसाय, प्रौढ शिक्षालगायत विषयवस्तुमा विभिन्न समूहले गाएका ठाडो भाकाका गीतलाई जस्ताको तस्तै उतारिएको छ ।

चौथो अध्यायमा पहिलो अध्यायमा सामान्य चर्चा गरिएका ठाडो भाकाका स्रष्टाहरूको पूर्ण परिचय र नालीबेलीको विवरण छ भने पाँचौं अध्यायमा ठाडो भाकाका रचनाहरूको विभिन्न कोणबाट विश्लेषण गरिएको छ । यसमा ठाडो भाकाका हस्ती मानिएका देउबहादुर र पञ्चसुब्बा तथा अन्य स्रष्टाका ठाडो भाका गीतको समीक्षात्मक विश्लेषण दिन खोजिएको छ। छैटौं अध्यायमा ठाडो भाका कसरी जगेर्ना गर्न सकिन्छ र यसको महत्त्व के छ भनेर प्रकाश पारिएको छ।

चार परिशिष्ट समेटिएको पुस्तकमा पहिलामा ठाडो भाकाको रानो भेडीखर्के साइँलासित शीर्षक दिएर लिइएको अन्तर्वार्ताको मूल अंश प्रस्तुत गरिएको छ भने परिशिष्ट-२ मा दुराडाँडाको अन्तर्य शीर्षक दिइएको छ । यसमा दुराडाँडाको परिचय, राजनीतिक सीमाङ्कन र जातीय स्थितिदेखि लिएर लमजुङको चर्चित हलो क्रान्तिसम्मको चर्चा गरिएको छ।

परिशिष्ट-३ मा नेपालको पुरानो र ऐतिहासिक साहित्यिक पत्रिका 'शारदा' को २००४ माघमा प्रकाशित सत्यमोहन जोशीको पञ्चसुब्बा शीर्षकको लेख समाविष्ट गरिएको छ। परिशिष्ट-४ मा केही सुन्दर तस्बिरसमेत समावेश गरिएको छ। लेखक भुजेलले यस ग्रन्थमा ठाडो भाकाका गायनका सन्दर्भमा गेयात्मक शैलीमा बङ्ग्याइएका शब्दहरूको टिपोट गर्नुभएको छ भने विशेष गरी ठाडो भाकामा गाइने मौलिक शब्दहरूको अर्थसमेत उल्लेख गर्नुभएको छ ।रासस

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : वाद विवादबाट बच्नु । |
| बृष | : नयाँ कार्य हुने । |
| मिथून | : पुरस्कार प्राप्त लाभ । |
| कर्कट | : बौद्धिक क्षमता । |
| सिंह | : प्रतिभा सम्पन्नता । |
| कन्या | : शिक्षामा उन्नति । |
| तुला | : पारिवाहिक सुख । |
| वृश्चिक | : धन वृद्धि सञ्चय । |
| धनु | : प्रेम प्रसंग, मित्र सुख । |
| मकर | : सुख समृद्धि हुने । |
| कुम्भ | : भ्रमण अवसर हुने । |
| मीन | : अवसर प्राप्त । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



विवाहपंचमी नजिकएसँगै जानकी माताको दर्शन गर्न  जनकपुरधाममा भारतीय पर्यटकहरुको आगमनमा वृद्धि भएको छ। *तस्विर : संजय कुमार यादव*

# वनमन्त्री शाही कोप-२९ मा भाग लिन अजरबैजान प्रस्थान

काठमाण्डु । जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय सम्मेलन (कोप-२९) मा भाग लिन वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरी अजरबैजानको राजधानी बाकुतर्फ प्रस्थान गर्नुभएको छ। सम्मेलन यही कात्तिक २६ गतेदेखि मङ्सिर ७ सम्म हुँदैछ। मन्त्री शाही नेतृत्वको प्रतिनिधिमण्डलमा वन सचिव डा दीपककुमार खराललगायत हुनुहुन्छ।



सम्मेलनमा नेपालले जलवायु अनुकूलन, हानि, जलवायु वित्त, प्रविधि विकास र हस्तान्तरण क्षमता विकास अल्पविकसित राष्ट्रहरुको विषय प्रमुख रुपमा उठान गर्ने तयारी गरेको छ। यसका लागि मन्त्रालयले राष्ट्रिय स्थितिपत्र तयार गरेको छ । राष्ट्रिय स्थति पत्रमा विशेषगरी हानि पर्वतीय क्षेत्र र जलवायु वित्तका मुद्दालाई प्राथमिकतामा राखिएको छ।

कोप-२९ सम्मेलनमा नेपालले राष्ट्रपति रामचन्द्र पौडेलको नेृतत्वमा सहभागिता जनाउँदैछ । उहाँले उद्घाटनका अवसरमा आयोजना हुने उच्चस्तरीय सत्रको 'विश्व नेताहरु जलवायु कार्य शिखर सम्मेलन'मा सम्बोधन गर्नुहुने जनाइएको छ । यसका साथै नेपालले आफ्ना मुद्दाका बारेमा विश्वको ध्यानाकर्षण गराउन यही कात्तिक २८ गते राष्ट्रपति पौडेलको नेतृत्वमा छुट्टै उच्चस्तरीय सत्र सञ्चालन गर्दैछ ।रासस

# देश विकासका लागि सरकार र राजनीतिक दलबीच सहकार्य हुनुपर्ने

काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले मुलुकको सांस्कृतिक, सामाजिक एवं आर्थिक विकासका लागि सरकार र राजनीतिक दलहरुबीच सहकार्य हुनुपर्नेमा जोड दिनुभएको छ।

गणेशमान सिंहको ११० औँ जन्मजयन्तीका अवसर शनिबार आयोजित कार्यक्रममा उहाँले सुशासन र आर्थिक विकासका माध्यमबाट सरकार र राजनीति दलप्रति नागरिकको विश्वास बढाउनुपर्ने बताउनुभयो।

"मानव जीवनमा स्वतन्त्रताको मूल्य सदैव शाश्वत हुन्छ । स्वतन्त्रता लोकतन्त्रको आधारभूत आलोक हो", उहाँले भन्नुभयो, "लोकतन्त्रको यही आलोकलाई मानेर हामीले अपनाएको सङ्घीय लोकतान्त्रिक गणतान्त्रिक शासन प्रणालीको जगमा मुलुकको सांस्कृतिक, सामाजिक एवं आर्थिक विकास गर्न सरकार र राजनीतिक दलहरू चुक्नु हुँदैन।"

मुलुकभित्रै आफ्नो भाग्य र भविष्य सुनिश्चित छ भन्ने युवाको सपना साकार पार्ने, उनीहरुका चाहना यही व्यवस्थामा पूरा गर्न सम्भव छ भनेर जनतालाई विश्वास दिलाउन सक्नु नै अहिलेको आवश्यकता भएको राष्ट्रपतिले बताउनुभयो। "मुलुकबाट विसङ्गति हटाउन जरुरी छ, अवसरबाट वञ्चित, गरीब र पिछडिएका जनताको आवाज सुनेर उनीहरुका समस्या सम्बोधन गर्न सरकारले नीति एवं कार्यक्रम तर्जुमा गरी तीनलाई कार्यान्वयन गर्नुपर्छ", राष्ट्रपति पौडेलले भन्नुभयो।




विश्वेश्वरप्रसाद कोइरालाले गणेशमान सिंहकाबारेमा भन्ने गर्नुभएको कुरा स्मरण गर्दै उहाँले भन्नुभयो, "गणेशमानजी साहसी र सङ्घर्षशील मात्र हुनुहुन्नथ्यो, उहाँ भविष्य द्रष्टा पनि हुनुहुन्थ्यो । उहाँले भनेका अधिकांश कुरा सत्य सावित हुन्थे।" नेपालमा लोकतन्त्र स्थापना र पुनःस्थापनामा गणेशमान सिंहको योगदानलाई नेपाली जनताले कहिल्यै नबिर्सने उहाँले बताउनुभयो । "लोकतान्त्रिक सिद्धान्त, मूल्यमान्यता र निष्ठालाई आफ्नो जीवनशैली मान्नु हुने गणेशमानजीले यसको मूल्यमा कहिल्यै सौदाबाजी गर्नुभएन, उहाँको त्यही सद्गुण नै लोकतन्त्रप्रेमीहरूका लागि आज पनि उत्तिकै प्रेरणापुञ्ज हो भन्ने मलाई लाग्दछ", राष्ट्रपति पौडेलले भन्नुभयो।

लोकतान्त्रिक आन्दोलनका शिखरपुरुष गणेशमान सिंहले पद पाउन पद्धति मिच्ने र आफ्नो स्वार्थपूर्ति गर्न लोकतन्त्रको आधारभूत मूल्यमान्यता कुल्चने प्रवृत्ति लोकतन्त्रका लागि हितकर हुन सक्दैन भन्नुभयो ।कांग्रेस नेता कृष्णप्रसाद सिटौलाले वर्तमान संविधानको समीक्षा गरी आवश्यकताका आधारमा संशोधन गर्न सकिने बताउनुभयो। "संविधानका सबै पक्षको वस्तुनिष्ठ समीक्षा गरी आवश्यकता र नागरिक आकाङ्क्षाअनुसार संविधान संशोधन गर्न सकिन्छ", उहाँले भन्नुभयो।


प्रतिष्ठान अध्यक्ष भीमसेन दास प्रधानले असल राजनीतिज्ञ तथा नेताको पहिचान क्रान्तिका क्रममा नभई जिम्मेवारी पाउँदा देखिने चर्चा गर्दै गणेशमान सिंह विभिन्न राजनीतिक आन्दोलनको कुशल नेतृत्वकर्ता हुनुहुन्थ्यो भन्नुभयो। देशमा समावेशिताको ' एजेण्डा' स्थापना गर्नमा गणेशमान सिंहले निर्वाह गरेको भूमिका अतुलनीय रहेको बताउनुभयो।

नेपाल बार एशोसिएसनका पूर्वअध्यक्ष शम्भु थापाले नेताको चरित्र कस्तो हुनुपर्छ भनेर गणेशमान सिंहबाट सिक्नुपर्ने बताउनुभयो । त्यसअवसरमालोकतान्त्रिकआन्दोलन, मानव अधिकार र स्वतन्त्रताका पक्षमा योगदान गरेबापत प्राध्यापक कपिल श्रेष्ठलाई 'जनआन्दोलन स्वर्णपदक'बाट सम्मान गरिएको छ ।रासस

# गणेशमान सिंहको ११०औँ जन्मजयन्ती मनाइँदै

काठमाण्डु । प्रजातन्त्र पुनःस्थापनाका लागि २०४६ सालमा भएको जनआन्दोलनका सर्वोच्च कमान्डर गणेशमान सिंहकोएकसय१०औँजन्मजयन्ती शनिबार विभिन्न कार्यक्रम आयोजना गरी मनाइँदैछ।

नेपाली राजनीतिमा त्याग र साहसको उच्च उदाहरणका रुपमा रहनुभएका सिंह सबैको निष्ठाको केन्द्र बन्न सफल हुनुभएको थियो। विसं २०४६ को जनआन्दोलन सफल भएपछि तत्कालीन राजा वीरेन्द्र शाहले प्रधानमन्त्री बन्न गर्नुभएको आग्रहमा उहाँले आफ्ना समकक्षी नेता कृष्णप्रसाद भट्टराईलाई अघि सार्दै नेपाली राजनीतिमा त्यागको उच्च नमूना प्रस्तुत गर्नुभएको थियो।



सर्वोच्च नेता सिंहसँग नजिक भएर काम गर्नुभएका वरिष्ठ पत्रकार माथवरसिंह बस्नेत १९९७ सालमा प्रजातन्त्रका लागि घरपरिवार त्यागेर उहाँले राजनीति सुरु गर्नुभएको स्मरण गर्नुहुन्छ । त्यागबाट राजनीतिक जीवन सुरु गर्नुभएका सिंहले १९९७ सालदेखि २०४६ सालसम्म आन्दोलन गरेर प्रजातन्त्रका लागि योगदान गर्नुभएको उहाँ बताउनुहुन्छ। यो समयमा नियतिले नै उहाँलाई निमित्त बनाएको उहाँ बताउनुहुन्छ।

सिंहले २०४६ सालमा आफूलाई सर्वमान्य नेताका रुपमा स्थापित गर्न सफल हुनुभयो । गणेशमानको छवि त्यसबेला सर्वमान्यका लागि पुँजी बनेको थियो। गणेशमानले विश्वासघातगर्दैनन्भन्नेमा कांग्रेसका मात्र नभई कम्युनिष्ट पार्टीमा विश्वास थियो। त्यो बेला एउटा कम्युनिष्ट दलले अर्को कम्युनिष्ट दललाई पनि विश्वास गर्दै सुरु गर्ने जिम्मेवारी दिइएको छ।

गणेशमान जयन्तीका अवसरमा फाउन्डेसनले जिल्ला जिल्लामा कार्यक्रम गर्न लागेको जनाइएको छ । यस अवसरमा शनिबार भक्तपुरको कटुञ्जेस्थितगणेशमानसिंहवाटिकामा मानवअधिवारवादी नेता प्रा कपिल श्रेष्ठलाई विशेष सम्मान गर्न लागिएको छ। शोभाभगवतीस्थित गणेशमान सिंहको प्रतिमामा माल्यार्पणसहित विशेष कार्यक्रम गर्न लागिएको हो।

विसं १९७२ कात्तिक २४ गते काठमाडौँको क्षेत्रपाटीमा जन्मनुभएका नेता सिंहको २०५४ असोज २ गते निधन भएको हो। काठमाडौँको खानदानी परिवारमा जन्मनुभएका सिंहले १९९७ सालमा स्थापना भएको नेपालको पहिलो राजनीतिक दल प्रजा परिषद्को सदस्य भई राणा शासन हटाउने अभियानमा आफूलाई सक्रिय बनाउनुभएको थियो।

राणाशासन अन्त्य गर्ने अभियानमा लागेपछि उहाँलगायत नेतालाई तत्कालीन सरकारले जेल हाल्यो। विसं २००७ अघि नै भद्रगोल जेल फोरेर भाग्न सफल हुनुभएका जोशिला तन्नेरी गणेशमान प्रवास जानुअघि नै तत्कालीन राणा हटाऊ आन्दोलनमा सक्रिय हुनुभएको थियो। जेलबाट भागेर भारतमा पुगी अर्का नेता बिपी कोइरालासँग राजनीतिक सम्बन्ध विकसित गर्नुभयो। केही सहयोगीका साथ २००३ सालमा स्थापित नेपाली राष्ट्रिय कांग्रेसलाई आजीवन जुझारु नेतृत्व दिन पनि गणेशमानको उल्लेखनीय भूमिका छ।

प्रजातन्त्र स्थापनाका लागि भएको २००७ सालको क्रान्तिका एक अगुवाका रूपमा उहाँले वीरगञ्ज मोर्चामा सशस्त्र सङ्घर्ष गर्नुभयो। देशमा प्रजातन्त्र बहाली र पुनःबहालीका लागि समर्पित सिंह सैद्धान्तिक हिसाबले बिपीका अनुयायी र सबैभन्दा ठूला समर्थकका रूपमा रहनुभयो । नेपाली कांग्रेसलाई लोकप्रिय बनाउन सदा क्रियाशील हुनुभयो।

विसं २०१५ मा पहिलो निर्वाचन भएपछि बनेको सरकारमा वरिष्ठ मन्त्री हुनुभएका गणेशमानले २०१७ सालमा प्रजातन्त्र खोसिएपछि आठ वर्ष निरन्तर पहिले सिंहदरबार र त्यसपछि सुन्दरीजल बन्दीगृहमा कारावास जीवन बिताउनुभयो । विसं २०२५ मा बिपीसँगै सुन्दरीजल बन्दीगृहबाट रिहा भएपछि उहाँले प्रवासमा राजनीतिक सङ्गठन विस्तार गर्नुभयो। विसं २०३३ मा बिपीसँगै राष्ट्रिय एकता तथा मेलमिलापको नीति लिई स्वदेश फर्केर तत्कालीन पञ्चायती व्यवस्थाका विरुद्ध सक्रिय रहनुभयो।

तत्कालीन पञ्चायती सरकारले बिपीसँगै मृत्युदण्डको माग गरिएका आठवटा मुद्दामा विशेष अदालतबाट सफाइ पाउनुभयो । गणेशमानले २०३६ सालको विद्यार्थी आन्दोलन र जनमत सङ्ग्रहमा उत्तिकै नेतृत्वदायी भूमिका निर्वाह गर्नुभयो । बिपीको निधनपछि कांग्रेसका सर्वोच्च नेताका रूपमा गणेशमानले २०४२ सालको सत्याग्रह आन्दोलनको नेतृत्व गर्नुभयो । विसं १९९७ देखि अनवरत राजनीतिमा समर्पित कडा स्वभाव र जुझारु व्यक्तित्वका सर्वप्रिय नेता गणेशमानको महत्वपूर्ण योगदान २०४६ सालमा रह्यो। जनआन्दोलनका लागि कम्युनिष्टसँग मिलेर पञ्चायतविरुद्ध आन्दोलनको घोषणा गर्ने गणेशमान सिंह उक्त आन्दोलनका सर्वोच्च कमान्डर भई सबैको प्रिय बन्नुभएको हो।

नेता सिंहलाई २०१७ साल पुस १ गतेको कूपछि २०२५ सालसम्म बिपी कोइरालासँगै सुन्दरीजल बन्दीगृहमा थुनिएको थियो। विसं २०२५ मा जेलमुक्त भएपछि बिपीसँगै भारत निर्वासनमा जानुभएका नेताहरुलाई २०३३ पुस १६ गते राष्ट्रिय एकता तथा मेलमिलापको नीति लिएर नेपाल फर्किएपछि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाटै गिरफ्तार गरी सुन्दरीजल बन्दीगृहमा दोस्रोपटक थुनियो।

विसं २०६१ भदौ २४ गते बन्दीगृहलाई बिपी सङ्ग्रहालयमा रुपान्तरण गरिएको थियो । गणेशमान जयन्तीका अवसरमा नेपाली कांग्रेस र यसका भ्रातृ एवं शुभेच्छुक सङ्घसंस्थाले आज विभिन्न कार्यक्रम आयोजना गरी मनाउने जनाइएको छ । यस अवसरमा गणेशमान सिंह प्रतिष्ठानले रत्नपार्कस्थित शान्तिवाटिकामा कार्यक्रम गर्ने जनाइएको छ ।रासस

# निष्ठाको राजनीति गर्न गणेशमान सिंहबाट प्रेरणा लिनुपर्ने

दमौली । नेपाली कांग्रेसका केन्द्रीय सदस्य ध्रुव वाग्लेले निष्ठाको राजनीति गर्न गणेशमान सिंहबाट प्रेरणा लिनुपर्ने बताउनुभएको छ।

स्व गणेशमान सिंहको ११० औँ जन्मजयन्तीका अवसरमा शनिबार व्यास नगरपालिका-२ गणेशमान पार्कमा आयोजित कार्यक्रममा केन्द्रीय सदस्य वाग्लेले लौहपुरुष सिंहले देशका लागि गरेको योगदान सधैँ अमर रहने बताउनुभयो। सम्भ्रान्त परिवारमा जन्मिएर पनि सुख सयल छाडेर देश र जनताको पक्षमा काम गर्नुभएको कामको सधैँ चर्चा हुने उहाँले उल्लेख गर्नुभयो।



स्व गणेशमानले देश र जनताका लागि गरेको काम सम्झिँदा पनि आङ सिरिङ्ग हुने बताउँदै वाग्लेले गणेशमानलाई सम्झिँदै पार्टीभित्र एकताको खा'चो रहेको बताउनुभयो। मुलुकमा आउने चुनौतीको सामना गर्न पार्टीभित्र एकता आवश्यक रहेको उल्लेख गर्दै उहाँले पार्टीलाई बलियो र सुदृढ बनाउनुको विकल्प नरहेको बताउनुभयो।

कार्यक्रममा पार्टी जिल्ला सभापति जितप्रकाश आले, संविधानसभा सदस्य रामचन्द्र पोखरेल लगायतले स्व गणेशमानबाट प्रेरणा लिएर अगाडि बढ्नुपर्ने बताउनुभयो ।रासस

# स्वास्थ्य बिमालाई व्यवस्थित गराइने : स्वास्थ्यमन्त्री पौडेल

गण्डकी । स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले स्वास्थ्य बिमालाई व्यवस्थित गराउनेतर्फ सरकार लागेको बताउनुभएको छ।

पोखरा महानगरपालिका-१७ सीताको पाइलास्थित पोखरा वृद्धाश्रममा स्थापित पोखरा जेरियाट्रिक स्वास्थ्य कक्षको आज उद्घाटन गर्दै उहाँले स्वास्थ्य बिमाका लागि स्रोत सुनिश्चित गरी यसलाई व्यवस्थित र प्रभावकारी बनाउने योजनामा सरकार रहेको बताउनुभयो ।स्वास्थ्य विमाबाट प्राप्त गर्ने सेवालाई गुणस्तरीयका साथै सहज बनाउनु आवश्यक भएको बताउँदै उहाँले स्रोतको सुनिश्चिताका लागि आम्दानीका आधारमा विमा कोषमा योगदान जस्ता विषयलाई अघि बढाउनुपर्ने बताउनुभयो।

स्रोतको सुनिश्चितताका विभिन्न वैज्ञानिक आधारसमेत प्रस्तुत गर्दै आफूले बिमाको रकम रु पाँच लाख पुऱ्याउनुपर्ने विषयलाई प्रस्ताव गरेको मन्त्री पौडेलले बताउनुभयो । देशको बजेटको चार प्रतिशत रकम मात्रै स्वास्थ्य क्षेत्रमा लगानी भएको बताउँदै उहाँले राज्यले स्वास्थ्य क्षेत्रलाई पहिलो प्राथमिकतामा राख्दै उक्त रकम १० प्रतिशतको हाराहारीमा पुऱ्याउनु आवश्यक भएको बताउनुभयो।

आफू आमसर्वसाधारणले प्राप्त गरेका सुविधालाई कटाउने पक्षमा नभइ त्यसलाई सुरक्षित कसरी गराउनेतर्फ लागेको उहाँले स्पष्ट पार्नुभयो। सरकारले १४ वर्ष मुनिका बालबालिकाको क्यान्सर रोगको निःशुल्क उपचार, जलन रोगको निःशुल्क उपचार जस्ता विषयलाई अघि सारेको जनाउँदै उहाँले आम सर्वसाधारणको स्वास्थ्योपचार सेवालाई प्रभावकारी बनाउने कुरामा सरकार निरन्तर लागिरेहको बताउनुभयो।

पोखरामा वृद्धाश्रममा सञ्चालित जेरियाट्रिक स्वास्थ्य कक्षमा आवश्यक स्वास्थ्य उपकरण एवम् औषधीका लागि सहयोग गर्ने उहाँले विश्वास व्यक्त गर्नुभयो । पोखरा वृद्धाश्रमका अध्यक्ष कुशुमकेशव पराजुलीले वृद्धाश्रम सञ्चालन भएयता निरन्तर रुपमा असहाय ज्येष्ठ नागरिकलाई सेवा प्रवाह गरिएको बताउनुभयो।

ज्येष्ठनागरिकहरूमासमस्याका रुपमा देखिने विस्मृतिजन्य रोगको उपचारका लागि जेरियाट्रिक स्वास्थ्य कक्ष स्थापना गरिएको उहाँले जानकारी दिनुभयो। वृद्धाश्रमका उपाध्यक्ष एवम् जेष्ठ नागरिक महासंघका केन्द्रीय सदस्य केशव लम्सालले २०५३ सालमा स्याउलाले छाएको छाप्रोमा तीन जना ज्येष्ठ नागरिकलाई राखेर सुरु गरिएको वृद्धाश्रम हाल सुविधा सम्पन्न भवनमा सञ्चालन भएको जानकारी गराउनुभयो।

उहाँका अनुसार वृद्धाश्रममा हाल ५३ जना असहाय ज्येष्ठ नागरिक आश्रय लिदै आउनुभएको छ । वृद्धाश्रमको व्यवस्थापनमा दुई जना स्वास्थ्यकर्मीका साथै नौ विस्तारा, थेरापी मेसिन एवं औषधि उपलब्ध जेरियाट्रिक स्वास्थ्य कक्ष स्थापना गरिएको उहाँले जानकारी दिनुभयो। वृद्धाश्रममा १०६ वर्षीय नन्दु दाहाललगायत ज्येष्ठ नागरिक बस्दै आउनुभएको छ।रासस


## श्री रामजस आधारभूत प्राथमिक विद्यालय
### पिपरा गा.पा. ६ रतौली रतनपुर, महोत्तरी


## शिक्षक आवश्यकता सम्बन्धि विज्ञापन

प्रस्तुत विषयमा शिक्षा विकास तथा समन्वय इकाइ, महोत्तरीको च.न.१३८ मितिः २०८१/०६/१८ गतेको प्राप्त पत्रानुसार र त्यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको मितिः २०८१/०६/२० गतेको निर्णय अनुसार यस विद्यालयमा प्रा.वि. राहत शिक्षक अनुदान दरबन्दीका लागि तपसिल बमोजिमको शिक्षक आवश्यक परेको हुँदा तपसिलका योग्यता पुगेका ईच्छुक नेपाली नागरिकबाट रितपुर्वकको दरखास्त आह्वान गरिन्छ।

**तपसिल**

१. विज्ञापन नं.-०१
२. तह-प्रा.वि. राहत
३. दरवन्दीको प्रकार राहत अनुदान
४. नियुक्तिको किसिम करार
५ माग संख्या-१ (एक)
६. उमेरको हद- १८ वर्ष पुरा भई ४० वर्ष ननाधेको
७. शैक्षिक योग्यता +२ वा सो सरह उर्तीण गरेको (शिक्षा विषय २०० पूर्णाङ्कको वा १० महिने तालिम प्राप्त गरेको)
८. आवश्यक कागजातहरु नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाण-पत्रको प्रतिलिपि, अध्यापन अनुमति पत्रको प्रतिलिपि, बैंकमा रकम जम्मा गरेको सक्कल भाउचर हस्तलिखित निवेदन र फोटो २ प्रति समेत
९. तलब स्केल-नेपालको सरकारको प्रचलित नियमानुसार
१०. परीक्षाको किसिम-लिखित, मौखिक र आवश्यकता अनुसार प्रयोगात्मक
११. निवेदन बस्तुर-रु.१००० (एक हजार) बिद्यालयको नाममा रहेको रा.बा. बैंकको खाता नं. १५६०१००००५१०००१ मा जम्मा गर्नुपर्ने।
१२. दरखास्त दिने अन्तिम मिति २०८१/०७/२६ गते कार्यालय समय भित्र
१३. सम्पर्क मितिः २०८१/०७/२७ गते कार्यालय समयभित्र
१४. परीक्षा मितिःसम्पर्क मितिमा तोकिनेछ
१५. दरखास्त दिने स्थान श्री रामजस आ.वि. रत्तनपुर, पिपरा-०६, महोतरी
१६. सम्पर्क मोबाईल नं.-९८१३८६०५८४/९८००८०२९२४

**प्रधानाध्यापक**



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# पूर्वाधार र प्रचार आवश्यक

मधेश प्रदेशमा धार्मिक, सांस्कृतिक, प्राकृतिक पर्यटनको प्रचुर सम्भावना रहेको छ । त्रेता युगकालीन जनकपुरधाम अयोध्याधामबीचको बेटी रोटी सम्बन्ध, जगत जननी जानकी माताको जन्मस्थली, सीता स्वयम्बर, विवाहभूमि रहेको जनकपुरधाम, सप्तरीको छिन्नमस्ता शक्तिपीठ, बारामा रहेको गढीमाईलगायतका हिन्दूहरुको धार्मिक आस्था भूमिले मात्र पनि मधेश प्रदेशमा पर्यटकहरुको ओइरो लाग्ने छ । मधेश प्रदेशमा प्राकृतिक प्रेमी पर्यटकहरुका लागि पर्सा वन्यजन्तु आरक्षणमा सम्पूर्ण आनन्द, कोशी नदी राफ्टींग र बोटिंगका लागि उपयुक्त हो । त्यसका लागि पूर्वाधार निर्माण र प्रचार आवश्यक छ । मधेश प्रदेशमा आउने पर्यटकहरुलाई घुमाउने स्थल भए पनि समुचित प्रचार प्रसारको अभावले त्यो हुन सकिरहेको छैन । भारतको अयोध्यामा रामललाको प्राण प्रतिष्ठा भएसंगै जनकपुरधाममा भारतीय हिन्दू धर्मावलम्बीहरुको आगमनमा निकै वृद्धि भएको छ । तर ती पर्यटकहरु मध्ये थोरैले रात्रि विश्राम गर्छन् । उनीहरु प्रायः यहाँ किनमेल गर्दैनन् । सप्तरीको छिन्नमस्ता दर्शन गर्न आउने भारतीय पर्यटक एकै दिनमा फर्कने गर्छन् । गढीमाई दर्शन गर्न आउने पर्यटकको अवस्था पनि उस्तै छ । मन्दिर वरिपरिको क्षेत्रमा फूलमाला, प्रसाद बाहेक स्थानीय परम्परागत वस्तुहरुको विक्री वितरणको व्यवस्था छैन । मन्दिर सित जोडिएका कतिपय सामग्रीहरु होलान् । त्यसको प्रचारप्रसार र विक्री वितरणको व्यवस्था गरिए त्यसबाट स्थानीयहरुले राम्रो आम्दानी गर्न सक्छन् । विगतमा जस्तो पूजा गरेर फर्कने पर्यटकहरु अब कमै मात्र आउने गरेका छन् । अहिले आउने पर्यटकले केही किनमेल गर्न चाहने, राम्रा होटेलमा बस्ने र मिठो खान खोज्छन् । उनीहरुको चाहना अनुरुपको होटेल, परम्परागत वस्तुहरुको पसल राख्न सकेन हालको भन्दा निश्चित रुपमा आम्दानीमा वृद्धि हुनेछ । थुप्रै मानिसहरुले प्रत्यक्ष रोजगारी पाउने निश्चित छ । पर्यटनका लागि सर्वाधिक महत्वपूर्ण पूर्वाधार र प्रचार प्रसार नै हो । छिमेकी भारतमा पर्यटन प्रवर्द्धनका लागि रेलको सञ्जाल विस्तारमा सरकारले जोड दिएको छ । विमान सेवालाई विस्तार गर्दै नयाँ स्थानहरुमा विमानस्थल निर्माण गरिरहेको छ । धार्मिक स्थलहरुमा पूर्वाधार निर्माण गरिरहेकाले पर्यटकहरुको आउजाउ निकै बढेको छ । दक्षिण भारतका पर्यटकहरु मधेश प्रदेशमा आउने क्रम बढेको छ । तर अझै बंगाल, पश्चिम भारत र पूर्वी भारतबाट आउने पर्यटकको संख्या नगण्य छ । कालीको पूजा गर्ने पश्चिम बंगालका हिन्दूहरुका लागि जनकपुरधाम, गढीमाई, छिन्नमस्ता भगवती आकर्षणको केन्द्र बन्न सक्छ । पर्याप्त सम्भावना रहे पनि प्रचार प्रसार नहुँदा पर्यटकहरुलाई ल्याउन सकिएको छैन । यस तर्फ पनि काम हुनु आवश्यक छ । जनकपुरधाम र अयोध्याबीचको सम्बन्धले दुई देशको सम्बन्धलाई सुदृढ बनाउँदै आर्थिक प्रगतीमा समेत महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ । अन्य क्षेत्रको पहिचान गरी विकासमा जोड दिन जरुरी छ ।

# तराई मधेशमा शुन्य खनजोत लसुन खेति प्रविधि एक उपाय



श्री भगवान ठाकुर

**परिचयः** नेपालमा उत्पादन गरिने विभिन्न मसाला बालीहरु मध्ये हिउँदमा खेती गरिने लसुन एक महत्वपूर्ण तुषारो सहने नगदे बाली हो । लसुन उत्पादन पश्चात अर्को केही महिनासम्म भण्डारण गरी अत्याधिक आम्दानी गर्न सकिने बाली हो । धान काटिसकेपछि जग्गालाई विल्कुलै खनजोत नगरी धानकाटेको गाँजको ठुटामा लसुनको केस्रा रोपी छापो लगाई लसुन उत्पादन गरिने प्रविधिलाई शून्य खनजोत लसुन खेती भनिन्छ । जमीनमूनि फलेको लसुनको भागलाई नेपालीमा गानो, मैथिलीमा झावा र छुट्याईएको एउटा भागलाई नेपालीमा पोटी वा केस्रा र मैथिलीमा दाना भनिन्छ ।

नेपालमा जलवायु परिवर्तनका नकरात्मक प्रभावले धान काटी सके पछी सिंचाईको अभावमा कतिपय खेत बाँझै रहने गरेको पाईन्छ । यसरी बर्षा मौसमको उत्तरार्धमा कम पानी पर्नाले र हिउँदमा पानी नपरी सुख्खा खडेरी हुने तराई तथा पहाडका उर्वर जमीनहरु खेर गईरहेका छन् । धान काटी सके पछी खेतमा रहेको अवशेष चिस्यानको उपयोग गरी लसुन बाली लगाउन सकिएमा थप आयआर्जन गर्न सकिन्छ । लसुन उत्पादन पश्चात अर्को केही महिनासम्म भण्डारण गरी अत्यधिक आम्दानी गर्न सकिने बाली हो ।

नेपालका विभिन्न परियोजनाहरुमा शून्य खनजोतमा धानको गाँजमा लसुन उत्पादन परीक्षण तथा प्रदर्शन मध्य पहाड, तराई मधेशमा अत्यन्त सफल भएको छ । यस विधिमा माटो खनजोत नगरी बीउ रोपिन्छ र धान काटे पछी खेर जाने परालको टुक्राहरु छापोको रुपमा उपयोग गरिन्छ । ढिलोफल्ने धानका जात लगाएको जग्गामा तथा वर्षा ढिलो भएको होचो जग्गामा खनजोत गर्न समय नहुने खालका जग्गा शून्य खनजोत विधिमा आधारित लसुन खेतीका लागि उपयुक्त हुन्छ । यसरी कम खर्च र मिहनेत, तथा पानीको अभावमा पनि धानको गाँजमा ठूलो क्षेत्रफलमा लसुन लगाएर देशमा लसुनको आपूर्ति र आयात घटाउन र नगद आम्दानी गरी किसानहरुको जीविकोपार्जनमा सुधार गर्न सकिने प्रशस्त अवसर रहेको छ ।

**महत्वः** लसुन तरकारी, माछा र मासुमा स्वाद र सुगन्धका लागि मसालाको रुपमा प्रयोग गर्ने चलन छ । यसबाहेक आचार, क्याण्डी, टमाटर केचप आदीमा प्रयोग गर्ने गरिन्छ । यसमा रुघाखोकी, आँखा पाक्ने, कान दुखने, पेट दुख्ने, जुका पर्ने, ग्यास्ट्रीक आदिको उपचारको लागि औषधीय गुण समेत भएको मानिन्छ । लसुन कीट तथा रोगनाशक जैविक विषादी बनाउन प्रयोग गरिन्छ । लसुनमा एलिसिन नामक रसायन भएकोले यसले ग्राम निगेटीभ जीवाणु र विभिन्न फँगसहरुको वृद्धिमा रोकथाम गर्दछ । लसुनको तेल प्रयोग गर्नाले लामखुट्टे र त्यसको फुल र लार्भाहरु मर्छन् । घरको झिङ्गा, आलुको पुतली तथा नरिवल र सुपारीको रातो खपटेको अण्डामा यसको तेल छर्नाले लार्भा निस्कन सक्दैन । लसुनले बाथको रोगमा फाईदा गर्नुका साथै घाँटी फोक्सोलाई सफा राख्दछ । लसुनले एन्टीसेप्टीकको काम गर्दछ । यसको दैनिक सेवनले हृदयरोग, रक्तचाप र रगतको कोलेस्टरोल घटाउँछ ।

लसुनको १०० ग्रा. तौलमा ६.३ ग्रा. प्रोटिन, ०.१ ग्रा.चिल्लो पदार्थ, ०.५ ग्रा. रेसा, १ ग्रा. खनिज पदार्थ, २० ग्रा. कार्वोहाईड्रेट, ३० मि.ग्रा. क्यालसीयम, ३१० मि.ग्रा. फसफोरस, १३ मि.ग्रा. भिटामिन सि., १.३ मि.ग्रा. फलाम,०.१६ मि.ग्रा. राइबोफ्लेविन, ०.४ मि.ग्रा. निकोटिनिक एसिड र १४२ क्यालोारी शक्ति पाईन्छ ।

**हावापानी** : लसुनलाई चिसो हावापानी आवश्यक भएकोले छोटो दिन र लामो रात उपयुक्त हुन्छ । समुद्र सतहबाट १५०० मीटरसम्मको उचाई, १६-२२ डिग्री. सेन्टीग्रेड तापक्रम, १० घण्टा लामो प्रकाश अवधी भएको दिन र ६० प्रतिशत सापेक्षिक आर्द्रता भएको उपयुक्त मानिन्छ ।

**जग्गाको छनौट** : धान काट्ने बेला तथा काटेपछि माटोमा प्रशस्त चिस्यान भएको, माटोमा प्रांगारिक पदार्थ प्रशस्त भएको, पानी नजम्ने, बलौटे दोमट, माटोको पी. एच. ५.८ देखि ६.८ उपयुक्त मानिन्छ ।



**जग्गाको तयारी** : खनजोत नगर्ने, धान काट्ने बेला तलबाट काट्ने (१-२ ईन्च छाडेर), यदि धानका गाँजको ठुटाहरु अग्ला भएमा १.५ देखि २ ईन्चसम्म छाडी हँसियाले काट्नु पर्दछ । काटेका ठुटाहरु खेतमै छापोको लागि छाडनु पर्दछ । खेतमा झारहरु भए उखेल्नु पर्दछ । यदि खेतमा पाईला गडने वा धस्ने छ भने खेतमा चिस्यानको मात्रा बढी छ भन्ने बुझ्नु पर्छ । यस्तो खेतमा लसुन रोपदा कुहिने डर हुनाले केही दिन पर्खनु पर्ने हुन्छ । । धान काटी सकेपछि पनि पानी जम्ने भएमा पानी निकास गरी खेत सुकाएर शुन्य खनजोत विधि अपनाउन सकिन्छ ।

**लगाउने समय** : तराई, भित्री मधेश तथा उपत्यकामा असोज कार्तिकसम्म लगाउँदा उपयुक्त मानिन्छ । ढिलोमा मंसिरको दोश्रो हप्तासम्म लगाउँदा धेरै उत्पादन घट्दैन । तर पहाडी क्षेत्रमा भाद्रको चौथोहप्ता देखि कार्तिकसम्म लसुन रोपनु पर्दछ ।

जात, बीउको छनोट तथा बीउ दरः मार्फा स्थानीय, गोदामचौर स्थानीय, पाटन स्थानीय जातहरु बढी प्रचलनमा रहेका छन् । सि. ओ २, यमुना सफेद १, यमुना सफेद २ आदि जातहरु पनि सिफारिस भएका छन् । मध्य तथा उँच्च पहाडका किसानहरु भोटे लसुन तथा चीनका केही जातहरु लगाउने गरेका छन् । आकार, पोटी संख्या र स्वादको आधारमा लसुनको असल उत्पादनशिल जात छुटयाउन सकिन्छ । ठूला, आकर्षक, चाउरी नपरेका, स्वस्थ्य र पुष्ट पोटी बीउमा प्रयोग गर्नु पर्दछ । गानोको बाहिरी भागका केस्राहरु बीउका लागि राम्रो मानिन्छ । यदि शीतभण्डारणबाट निकालिएको भए १ हप्तासम्म बाहिर राखेर मात्र बीउमा प्रयोग गर्नु पर्दछ । प्रति कठ्ठा १२ देखि १५ किलो बीउ चाहिन्छ ।

**लगाउने विधिः** रोप्नुभन्दा अगाडी लसुनको पोटी वा केस्रालाई छुट्याईन्छ । रोप्दा जराको भाग तल र टुसाको भाग माथि गरेर रोप्नुपर्छ । साधारणतया लसुन बोट देखि बोट १० से.मी.मा र हार देखि हार १५ से.मी.मा रोपिन्छ तर शून्य खनजोत प्रविधिमा धान रोपेको गाँजमै लसुन रोप्ने गरिन्छ ।

धान काटेको १, २ दिन पछि १.५ देखि २ ईन्चमा गाँजको ठुटो काटिन्छ । यसरी काटिएको धानको गाँजको ठुटाभित्र जमीन मुनि बाँसको सुइरो वा फलामको रडको सहायताले ३ देखि ५ से.मी. गहिरो प्वाल बनाउनु पर्दछ । अनि सोही प्वालमा लसुनको पोटी जरामुनि पर्ने गरी बुढी औला र चोर औलाको सहाराले रोप्नु पर्दछ ।

**छापो दिने** : लसुन रोपि सकेपछि पुरै खेत १० से. मी. वा सो भन्दा बढी बाक्लो पराल, भुस वा खर वा जलकुंभीको छापो दिनु पर्दछ । यसरी छापो दिनाले चिस्यान कायम रहनुका साथै झारपात नउम्रिने, माटोमा पानी सोस्ने, प्रांगारिक पदार्थ थपिने, जैविक गतिविधि बढने गर्दछ । साथै छापोले लसुनको गानो र बोटको भार पनि थेग्न मद्दत गर्दछ ।

**सिंचाई** : खेतमा भएको चिस्यानले गर्दा बीउ उम्रन्छ । सिंचाईको पटक र मात्रा कति आवश्यक पर्दछ भन्ने कुरा माटोको किसिम र मौसममा निर्भर गर्दछ । खेतको चिस्यान उपयोग गर्नका लागि खनजोत नगरी रोपिने र परालको छापोले छोपिने हुँदा आवश्यक मात्रामा चिस्यान रहने भई लसुनको आवश्यकता पूर्ति हुन जान्छ । गानोको बृद्धिविकासको लागि माटोमा उपयुक्त चिस्यान हुने गरी वानस्पतिक बृद्धि र गानो बढ्नेबेला सिंचाईं दिनु आवश्यक हुन्छ ।

**मलखाद** : समान्यतया यस प्रविधिमा मलखाद प्रयोग नगरीकनै लसुन उत्पादन गरिन्छ । धानको गाँज र छापो गल्दै जाँदा लसुनले खाद तत्व प्राप्त गर्दछ । मलखाद दिनु पर्दा लसुन रोप्नुभन्दा अगावै प्रति कठ्ठा ०.५ देखि १ टन धुलो बनाई गोठेमल, २ किलो यूरिया, ४ किलो डी.ए.पी. र २ किलो म्यूरेट अफ पोटास छर्नु पर्दछ । उक्त मल छापोले राम्रोसंग छोपिएको हुनु पर्दछ ।

बिरुवाको बृद्धि विकास र गानोवृद्धिको लागि बिभिन्न बिरुवाबर्द्धक सुक्ष्मतत्वहरु जस्तैः मिराकुलान वा किप्लान १ मि.लि.र मल्टीप्लेक्स २-३ मि.लि. प्रति लिटर पानीको दरले रोपेको २५-३० दिनपछि १५ देखि २० दिनको अन्तरालमा छर्किनु पर्दछ

**गोडमेल** : खेतमा झारपात देखिएमा झारपात हटाउनु पर्दछ अन्यथा यस विधिमा गोडमेलको आवश्यकता पर्दैन ।

**रोग किरा व्यवस्थापन** : लसुनका थ्रीप्स र लाही किरा र पर्पल ब्लच, डढुवा, डाउनी मिल्ड्यू, र कालो पोके रोग बढी लाग्ने भएकोले व्यवस्थापनको लागि प्राविधिकको सल्लाहमा ब्यवस्थापन गर्नु पर्दछ । । पशुवस्तुको गहुँतबाट बनेको घरेलु वानस्पतिक विषादी वा गितीमल प्रयोग गर्नु पर्दछ ।

**बाली टिपाई तथा बजार ब्यस्थापनः** साधारणतया बोटका पातहरु पहेंलिन र सुक्न थालेपछि बाली तयार भएको हुन्छ । परिपक्व वा धेरै नसुकाई गानो चोटपटक नलाग्ने गरी हातले उखेल्नाले भण्डारणमा क्षति कम हुन्छ । गानोलाई बोटसहित २-३ दिन घाममा सुक्न दिनु पर्दछ । राम्ररी सुकेपछि गानोदेखि ३-४ से.मि. माथिबाट डाँठ र तल जराहरु काटेर हटाउनु पर्दछ । तत्पश्चात गानोलाई छायाँमा ७-१० दिन राखी राम्ररी सुक्न दिनु पर्दछ । गानोको बोक्रा र घाँटी राम्ररी सुकेर कस्सिने बेलासम्म सुकाउन आवश्यक हुन्छ । गानोको भण्डारण क्षमता बढाउन बोक्रा र घाँटीको चिस्यान हटाउनु पर्दछ । सुकेको गानोलाई बाँसको च्याक बनाई भण्डारण गरिन्छ । गानोको छनौट गरी मागअनुसार नजिकको स्थानीय बजार र बाहिरको बजारमा विक्री गर्न सकिन्छ । यदि लसुन प्रशोाधन गरेर पेस्ट, पाउडर, तेल, आदि बनाएर निर्यात गर्न सके विदेशी मुद्रा आर्जन गर्न सकिन्छ ।

**उत्पादनः** परम्परागत तरिकामा भन्दा यो प्रविधिबाट खेती गर्दा लसुन उत्पादन बढी हुन्छ । बोटहरु फराकिलो दूरीमा हुने, गानो जमिनभन्दा माथि बढ्ने हुँदा माटोको दबाब नपर्ने जस्ता कारणबाट गानोको आकार ठूलो हुन्छ । धानको ठूलो गाँज भएमा त्यसमा लगाईने लसुन पनि ठूलो नै फल्छ । परम्परागत तरिकाबाट खेती गर्दा प्रति कठ्ठा १०८ कि.ग्रा. र यस प्रविधिबाट लसुन खेती गर्दा प्रति कठ्ठा १५३ कि.ग्रा. अर्थात डेढ गुणा बढी उत्पादन हुन्छ । यसबाट करीव प्रतिकठ्ठा रु. १२ हजार देखि १८ हजारसम्म आम्दानी गर्न सकिन्छ ।

**सावधानीः** छापोमा लसुन खेती गर्दा पानी बढी दिएमा कुहिने वा पहेलिने हुन्छ र छापोमा मुसाले माटोमा दुलो बनाउन सक्ने भएकोले विशेष ध्यान दिनु पर्दछ ।

# कांग्रेसले ‘मिस’ गरिरहेको नोना आमाको ‘मर्निङ मिटिङ’



डा शोभाकर पराजुली

भर्खरै दोस्रो जनआन्दोलन सकिएको थियो । देश एउटा ऐतिहासिक परिवर्तनको मोडबाट अघि बढ्दै थियो । दश वर्षको सशस्त्र लडाइँ सकेर नेकपा (माओवादी) राजनीतिको मूलबाटोमा आएको थियो । र त्यसका एउटा मुख्य शूत्रधार नेपाली कांग्रेसका तत्कालीन सभापति गिरिजाप्रसाद कोइराला हुनुहुन्थ्यो । त्यही बेला कोइराला निवासको एउटा बत्ती निभ्यो । अर्थात् २०६३ साल माघ १४ गते नोना कोइराला यो धरतीबाट बिदा भएर जानुभयो । त्यो बेला गिरिजाप्रसादले कार्यकर्तासँग भन्नुभएको थियो ‘कोइराला निवासको बत्ती निभ्यो ।’

नेपाली कांग्रेस आफैँमा एउटा यस्तो राजनीतिक पार्टी हो, जसले राजनीतिक समावेशीतालाई गर्भदेखि नै बोकिल्यायो । अर्थात् महिला अधिकार वा भनौं प्रतिनिधित्वलाई नेपाली कांग्रेसले आफ्नो स्थापनाकालदेखि नै प्रमुखता दिंदै आएको छ । नेपाली कांग्रेसभित्र त्यस्ता धेरै महिलाहरूले योगदान गरेका छन् तर बिरलैको नाम पार्टी पङ्क्तिमा आउँछ । नयाँ पुस्ताले त कतिपय नामहरू ‘गुगल’ गर्दा पनि नभेट्ने अवस्था छ । कांग्रेसभित्र आफू जलेर राष्ट्र, राजनीति, जनता, प्रजातन्त्र अनि पार्टी र कार्यकर्ता माझ उज्यालो छरेका त्यस्ता धेरै नारी पात्रमध्ये नोना कोइराला अग्रपङ्क्तिमा हुनुहुन्छ । उहाँलाई समकालीन कांग्रेस नेता, कार्यकर्ताहरूले ‘नोना आमा’ भनेर पनि चिन्दछन् ।

यद्यपि, नेपाली कांग्रेसभित्र ‘दाइ-दिदी’ अनि ‘भाउजु’ कल्चर एउटा परम्परा जस्तै मानिन्छ । तर नोना कोइराला त्यस्तो सम्मानीत नारी पात्र हुनुहुन्छ, जसलाई नेपाली कांग्रेसका आम कार्यकर्ताले ‘आमा’ भनेर सम्बोधन गर्थे । यसबाट पनि प्रस्ट हुन्छ, उहाँ कोइराला परिवारले मात्रै होइन, सिङ्गो पार्टी जीवनकै एउटा उज्यालो बत्ती हुनुहुन्थ्यो ।

नोना आमाको जन्म १८८५ कात्तिक २४ गते भारतको रामनगरमा भएको थियो । नेपालमा राणाविरुद्ध लडिरहेको कोइराला परिवारका एक स्तम्भ कृष्णप्रसाद कोइराला सारा परिवारसहित भारतमा निर्वासित जीवन बिताइरहनु भएको थियो । भारतमै बसेर कोइराला परिवारले नेपालमा क्रान्ति हाँकिरहेको थियो । त्यो बेला राणाको अत्याचारका बीच पनि केशव कोइराला भने नेपालमै रहनुभएको थियो । त्यो बेला भारतमा पनि अङ्ग्रेज विरोधी आन्दोलन चलिरहेको थियो ।

पञ्चायतको समयमा समेत उहाँले प्रजातन्त्र स्थापना तथा सामाजिक न्यायका लागि साहसिक कार्य गर्नुभयो । उहाँमा सबैलाई मिलाएर अघि बढ्न सक्ने विशिष्ट क्षमता थियो । नोनाको राजनीतिक जीवनको सुरूवात २००३ सालको मजदूर आन्दोलनदेखि भएको हो । त्यतिबेला उनले मजदुर आन्दोलनका घाइतेहरूलाई औषधि उपचार र भोजन व्यवस्थापनको जिम्मा उहाँले नै लिनु भएको थियो । निरकुङ्श राणा शासनविरुद्ध २००७ सालमा कांग्रेसले सञ्चालन गरेको सशस्त्रमुक्ति आन्दोलनमा पनि उहाँले हतियार व्यवस्थापन, सरसफाइ र वितरणको जिम्मेवारी लिनुभएको थियो । यहाँसम्मकी कतिपय हतियार त उहाँले आफ्नो शरीरमा लुकाएर मुक्ति सेनासमक्ष पुऱ्याउने गर्नुभएको आन्दोलनका होमिएका धेरैलाई थाहा छ ।

> कोइराला परिवार आफैंमा एउटा अलग्गै राजनीतिक र सामाजिक संस्कारले भरिएको परिवार हो । त्यसमा पनि नोना आमा पनि एउटा शिक्षित र राजनीतिक चेतनाले भरिएको परिवारबाटै आउनुभएको थियो । त्यसबाट पनि उहाँमा राजनीतिक र सामाजिक चेतना थियो । यसले गर्दा उहाँलाई राजनीतिक र पारिवारिक व्यवस्थापनमा अझ निपुण हुनुभयो । क्रान्तिकै बेला बिपी कोइरालाले एकपटक केशव र नोना आमालाई सम्बोधन गरेर लेख्नुभएको चिठी अहिले पनि उत्तिकै महत्वपूर्ण छ । बिपीले त्यो चिठीमा केशव र नोनाले घरबार अनि खेतीपाती धानिदिएकै कारण आफूहरूलाई प्रवासमा सजिलो भएको र नेपालमा पनि कार्यकर्ता परिचालनमा बाधा नआएको भन्दै उहाँहरूप्रति आभार व्यक्त गर्नुभएको थियो ।

त्यही क्रममा भारतमा रहनुभएका कृष्णप्रसाद कोइराला उतै जेल पर्नुभयो । त्यही बेला २००० असार २५ गते नोना र केशव कोइरालाबीच विवाह भयो । त्यसपछि उहाँ कोइराला परिवारभित्र एक अभिभावकजस्तै बनेर आफ्नो पारिवारिक, सामाजिक र राजनीतिक अभिभारा निभाइरहनुभयो । सारा परिवार भारतमै निर्वासन भएका बेला नेपालमा परिवारको खेतिपातीदेखि घरबार धान्ने र पार्टी अनि कार्यकर्ता परिचालन र व्यवस्थापनको जिम्मेवारी नोना-केशवकै काँधमा थियो । त्यही बेला २००३ सालमा गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा विराटनगर जुटमिलमा भएको आन्दोलनमा पनि नोना कोइरालको अद्वीतीय भूमिका रह्यो ।

कोइराला परिवार आफैँमा एउटा अलग्गै राजनीतिक र सामाजिक संस्कारले भरिएको परिवार हो । त्यसमा पनि नोना आमा पनि एउटा शिक्षित र राजनीतिक चेतनाले भरिएको परिवारबाटै आउनुभएको थियो । त्यसबाट पनि उहाँमा राजनीतिक र सामाजिक चेतना थियो । यसले गर्दा उहाँलाई राजनीतिक र पारिवारिक व्यवस्थापनमा अझ निपुण हुनुभयो । क्रान्तिकै बेला बिपी कोइरालाले एकपटक केशव र नोना आमालाई सम्बोधन गरेर लेख्नुभएको चिठी अहिले पनि उत्तिकै महत्वपूर्ण छ । बिपीले त्यो चिठीमा केशव र नोनाले घरबार अनि खेतीपाती धानिदिएकै कारण आफूहरूलाई प्रवासमा सजिलो भएको र नेपालमा पनि कार्यकर्ता परिचालनमा बाधा नआएको भन्दै उहाँहरूप्रति आभार व्यक्त गर्नुभएको थियो ।

कोइराला परिवारमा मात्रै नभएर ‘नोना आमा’ समकालीन राजनीतिक नेता तथा कार्यकर्ताका लागि अभिभावक नै बनेर उभिनुभयो । कोइराला परिवारको राजनीतिक विरासतमा नोना कोइरालाको अभिभावकीय र नेतृत्वदायी भूमिका अनि क्षमता सिङ्गो नेपाली राजनीतिकै लागि प्रेरणाको अजर स्रोत पनि हो ।

कांग्रेसमात्रै कोइराला निवास अनि कोइराला परिवार हरेक राजनीतिक दलका कार्यकर्ताका लागि सधैँ खुल्ला हुन्थ्यो । र स्वागतका लागि रातदिन तम्तयार हुन्थ्यो । त्यो सबै नोनाकै योगदान र तत्परताले मात्रै सम्भव थियो । उहाँले कांग्रेस मात्रै होइन, जुनसुकै राजनीतिक दलका कार्यकर्ताका लागि कोइराला निवास सधैँ खुल्ला गरिदिनुभयो । यसले गर्दा नेपालमा हरेक राजनीतिक कार्यकर्ताका लागि कोइराला निवास र कोइराला परिवार आफैँमा एक उदार अनि खुल्ला संसार जस्तै भएको थियो । परिवारमा मात्रै नभएर सिङ्गो नेपाली कांग्रेस पार्टी पङ्तिमा उहाँको निर्णायक र अभिभावकीय भूमिका रहन्थ्यो ।

कोइराला परिवारमा हरेक दिन बिहानअर्थात् दिनको पहिलो प्रहरमै हुने बसाई राजनीतिक नै हुन्थ्यो । त्यो भनेको दिनभरिको कार्ययोजना र कार्यदिशा तय गरिन्थ्यो । त्यो सबको चाँजोपाँजो मिलाउने जिम्मेवारी नोनाकै काँधमै थियो । एक प्रकारले परिवारका सदस्यबीच भएको राजनीतिक जिम्मेवारीको बाँडफाँटमा उहाँले यसरी महत्वपूर्ण भूमिका पाउनुभएको थियो । त्यसलाई अन्तिम समयसम्म उत्तिकै सफलताका साथ निर्वाह गर्नुभयो ।

नोना आमाको त्यो ‘मर्निङ मिटिङ’लाई गिरिजाप्रसाद कोइराला हुँदै सुशील कोइरालासम्मले अन्तिम समयसम्मै निरन्तरता दिनुभयो । ‘मर्निङ मिटिङ’ एक प्रकारले कोइराला परिवारभित्रको आफ्नै मौलिक राजनीतिक संस्कार बनिसकेको थियो । त्यसले सिङ्गो पार्टीलाई नै ऊर्जाशील बनाउँथ्यो । अब कोइराला परिवारको राजनीतिक विरासत थाम्ने जिम्मेवारी डा शेखर कोइरालाको काँधमा छ । डा शेखर केशव-नोनाका कान्छा छोरा हुनुहुन्छ । यो बेला नेपाली कांग्रेसलाई पुनर्जीवन दिनका लागि फेरि एकपटक आम कार्यकर्ताको आशा र भरोसको केन्द्र कोइराला परिवार हुन पुगेको छ ।

हरेक व्यक्तिको निजी जीवनमा ‘आमा’ नै पहिलो पाठशाला हुन्छिन् । नोना कोइराला मात्रै एक गृहणीका रुपमा समित रहनुभएन । उहाँले त तत्कालीन सिङ्गो राजनीति र प्रजातन्त्रको लडाईंमा होमिएका आम नेपालीलाई आफ्नै सन्तान जसरी ममता र अभिभावकत्वको छहारीमा राख्नुभयो । उहाँले सिकाएर जानु भएको बाटोमा अब डा शेखरका पाइलाहरू अगाडि बढ्न सके र त्यसलाई निरन्तरता दिन सके नेपाली कांग्रेसको त्यो राजनीतिक संस्कारको निरन्तरता आगामी पुस्ताका लागि पनि प्रेरणाको स्रोत हुनसक्छ । उहाँले गरिब, विपन्न एवं पछाडि परेका नागरिकलाई स्वास्थ्य एवं शिक्षा क्षेत्रमा महत्वपूर्ण सहयोग उपलब्ध गराउनुभएको थियो ।

राजनीतिमा ३३ प्रतिशत महिलाको स्थान रहनुपर्ने माग उहाँले नै उठान गर्नुभएको थियो । जसको परिणाम आज नेपाली महिलाहरूले राजनीति या सामाजिक क्षेत्रमा जुन अवसर प्राप्त गरेका छन् त्यसको मुख्य श्रेय उहाँलाई नै जान्छ । प्रजातन्त्र स्थापनाका लागि महिलालाई जागृत र गोलबद्ध बनाउने कार्यमा उहाँको भूमिका अविस्मरणीय छ । प्रजातन्त्र प्राप्तिपछि उहाँसमेतको अगुवाइमा विराटनगरमा नारी जागृति नामक संस्थाको स्थापना भयो । यही संस्थाबाट नारीहरूलाई पढ्न लेख्न र सामाजिक रुपले अगाडि बढाउने अभियानमा उहाँले धेरै काम गर्नुभएको थियो । आज त्यो संस्था आदर्श बालिका विद्यालयमा परिणत भएको छ । (लेखक राजनीतिक विश्लेषक हुनुहुन्छ)

# प्रत्यक्ष निर्वाचित राष्ट्रपतिको लागि मेची-महाकाली अभियान चलाइनेछ : अध्यक्ष दाहाल



हेटौँडा । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल ‘ प्रचण्ड’ ले प्रत्यक्ष निर्वाचित राष्ट्रपतिय व्यवस्थाको लागि मेची-महाकाली अभियान चलाउने बताउनुभएको छ ।

मकवानपुरको थाहा नगरपालिकामा शनिबार आयोजित योङ्ग कम्युनिष्ट लिग (वाइसिएल) को दोस्रो नगर सम्मेलनलाई सम्बोधन गर्दै उहाँले प्रत्यक्ष निर्वाचित राष्ट्रपतिबाट पाँच वर्षसम्मको स्थिर सरकार सञ्चालन भएमा अस्थिरताको सवाल नै नआउने बताउँदै व्यवस्था परिवर्तनको सुरुआती दिनदेखि नै आफूहरूले उक्त मुद्दा उठाउँदै आएको बताउनुभयो ।

आफूले पहिलोपटक प्रधानमन्त्री हुँदा ३० हजारसम्मको कर्जा मिनाहा गरेर जनतालाई राहत दिएको र दोस्रो पटकमा उज्यालो नेपालको अवधारणा अनुरूप विद्युत्भार कटौती हटाएको अध्यक्ष प्रचण्डले स्पष्ट पार्नुभयो । उहाँले भन्नुभयो, “मैले पहिलोपटक प्रधानमन्त्री हुँदा ऋण मिनाह गरेँ, नेपालको पूर्व-पश्चिम जोड्न मध्यपहाडी लोकमार्गको काम अगाडि बढाएँ, म अझै थाकेको छैन, तेसैले अझ परिवर्तनको लहर ल्याएर नै छाड्नेछु ।”

पूर्वप्रधानमन्त्री एवं अध्यक्ष दाहालले मकवानपुर तथा थाहा नगरका केही विकास योजनालाई प्रभावकारी बनाइने उल्लेख गर्दै धेरै योजना माओवादीकै पहलमा अघि बढिरहेको बताउनुभयो । उहाँले थानकोन-चित्लाङ-चन्द्रागिरी सडक गणेशमान राजमार्ग स्तरोन्नतिसहित कालोपत्रे गर्ने, फोदगाउँ वस्ती बचाउ कार्यक्रममा सहयोगका लागि पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

माओवादी केन्द्रको पहलकदमीमा बागमती सरकारको लगानीमा कबर्ड हल सम्पन्न हुने चरणमा रहेको र शीतभण्डार स्थानीय सरकारको विशेष पहलमा निर्माण भएको उल्लेख गर्दै अध्यक्ष प्रचण्डले दामगाडे महादेववेशी सडक ९८ करोडको लगानीमा निर्माण भइरहेको, एकीकृत सहरी पूर्वाधार कार्यक्रमअन्तर्गत कञ्छाल कलेचानी सडकसहित १० करोडको प्याकेज सञ्चालनमा रहेको र मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय थाहाको चित्लाङमा स्थापना भएको बताउनुभयो ।रासस

# खेल पर्यटनको माध्यमबाट नेपाल–चीन सम्बन्ध प्रगाढ बनाउनुपर्ने : मन्त्री पाण्डे

**नेपालका लागि चिनियाँ राजदूत चेन सोङले नेपाल र चीनको सम्बन्ध प्रगाढ बनाउन दुई वर्षदेखि नेपलका विभिन्न सहरमा खेलकुदका गतिविधि सञ्चालन हुँदै आएको बताउनुभयो । नेपाल-चीन कूटनीतिक सम्बन्ध भएको ७० वर्ष पूरा हुने अर्को वर्ष चीनमा भव्य रुपमा कार्यक्रम गरी मनाउने उहाँको भनाइ छ ।**

गण्डकी । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले खेल पर्यटनको माध्यमबाट नेपाल-चीन सम्बन्ध थप प्रगाढ बनाउँदै विकासको गतिमा अगाडि बढ्नुपर्नेमा जोड दिनुभएको छ ।

पोखरा महानगरपालिका, चिनियाँ दूतावास र हिमालयन टुरिज्म फोरमद्वारा शनिबार पोखरामा आयोजित तेस्रो ‘क्रस कन्ट्री दौड’ प्रतियोगिताको उद्घाटन गर्दै उहाँले प्रकृति र संस्कृतिको धनी नेपालमा चिनियाँ पर्यटक आएर यहाँका प्रकृति र संस्कृतिसँग रमाउने विश्वास व्यक्त गर्नुभयो । नेपाल सरकारले सन् २०२५ लाई नेपाल-चीन पर्यटन वर्षका रुपमा मनाउन लागेको जानकारी दिँदै मन्त्री पाण्डेले पर्यटन वर्षमा धेरैभन्दा धेरै चिनियाँ नेपाल आउने र नेपालीहरूसमेत चीनका विभिन्न ठाउँमा घुम्न जाने बताउनुभयो ।

नेपाली र चिनियाँ नागरिक एकापसमा घुलमिल हुनु आवश्यक भएको बताउँदै उहाँले पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट नियमित अन्तर्राष्ट्रिय उडान गर्न र कोरला नाका व्यवस्थित रुपमा सञ्चालन गर्न पहल भइरहेको बताउनुभयो ।नेपाल धार्मिक पर्यटनका लागि पनि उत्तिकै महत्वपूर्ण गन्तव्य भएको बताउँदै उहाँले मुक्तिनाथ, पशुपतिनाथ, लुम्बिनी र जानकी मन्दिर जस्ता प्रसिद्ध स्थल रहेको बताउनुभयो । नेपाल-चीन कूटनीतिक सम्बन्ध भएको ७० वर्ष पुग्न एक वर्ष बाँकी रहेको बताउँदै मन्त्री पाण्डेले यो लामो सम्बन्धलाई प्रगाढ बनाउँदै नेपालले अगाडि बढ्न चाहेको उल्लेख गर्नुभयो ।



नेपालका लागि चिनियाँ राजदूत चेन सोङले नेपाल र चीनको सम्बन्ध प्रगाढ बनाउन दुई वर्षदेखि नेपलका विभिन्न सहरमा खेलकुदका गतिविधि सञ्चालन हुँदै आएको बताउनुभयो । नेपाल-चीन कूटनीतिक सम्बन्ध भएको ७० वर्ष पूरा हुने अर्को वर्ष चीनमा भव्य रुपमा कार्यक्रम गरी मनाउने उहाँको भनाइ छ । नेपाल र चीनबीच खेलकुद तथा संस्कृतिका पक्षलाई व्यापक बनाउन नेपालमा यस्ता गतिविधि भएको बताउँदै उहाँले यस्ता कार्यले नेपाल र चीनबीचको मित्रतालाई थप उचाइमा पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो ।

महानगरपालिकाका प्रमुख धनराज आचार्यले दुई देशबीचको सम्बन्धलाई अझै बलियो बनाउन यो प्रतियोगिता महत्वपूर्ण बन्ने उल्लेख गर्दै नेपाल र चीनबीचको पर्यटकीय गतिविधिमा पनि यसले महत्वपूर्ण भूमिका खेल्ने बताउनुभयो ।राष्ट्रिय खेदकुद परिषद्का कार्यवाहक महासचिव अञ्जना श्रेष्ठले खेल पर्यटनको सम्भावनालाई यस किसिमका प्रतियोगिताले टेवा पुऱ्याउने धारणा राख्नुभयो । प्रतियोगिताअन्तर्गत पोखरास्थित लेकसाइडको बाराहीघाटबाट विभिन्न चार विधामा प्रतिस्पर्धा भएका छन् ।

प्रतियोगिताअन्तर्गत ५० किलोमिटर समूहगत र व्यक्तिगत, विद्यार्थी दौड, पाँच किमी र ह्यप्पी रन समूहमा दुई किमी दौड आयोजना गरिएको छ । पर्वतीय दौडमा खेलाडीले ५० किलोमिटरको दूरीमा ट्रेल रनिङ, साइकलिङ र रोइङ (बोटिङ) गर्नुपर्ने हुन्छ । दौडका क्रममा खेलाडीले कूल दुई हजार दई सय ५८ मिटर उचाइ पार गर्नेछन् । त्यस्तै च्यालेन्ज इण्डिभिजुअल समूहमा ५० किलोमिटरको ट्रेलमा दुई हजार ३६६ मिटरको कुल उचाइ पार गर्नेछन् ।

पचास किमी पर्वतीय दौड पोखराको लेकसाइडस्थित बाराहीघाटबाट सुरु भएर छोरेपाटन, रामदी, फुम्रेखोला हुँदै स्याङ्जाको फेदीखोला, पोखरा-२२ पुम्दीभुम्दी, शान्ति स्तूपबाट फेवाताल, पामे हुँदै पुनः बाराहीघाट पुगेर सम्पन्न हुनेछ ।

यसका लागि बाराहीचोकदेखि ड्यामसाइडसम्मको मार्ग तय गरिएको छ । पचास किलोमिटर टिम समूहमा प्रथम हुनेले रु चार लाख ५८ हजार ४०० सहित मेडल र प्रमाणपत्र पाउनेछन् । दोस्रो हुनेले मेडल र प्रमाणपत्रसहित रु तीन लाख ४३ हजार ८०० र तेस्रो हुनेले रु दुई लाख २९ हजार २०० पाउनेछन् । यस्तै चौथोलाई रु एक लाख ५२ हजार ८०० र पाचौँलाई रु ९५ हजार ५०० पुरस्कारको व्यवस्था गरिएको छ । यस दौडमा ६४ जना चिनियाँसहित एक हजार दुई सय धावक सहभागी बनेका छन् ।

च्यालेन्ज इन्डिभिजुअल दौड समूहमा शीर्ष १० पुरुष तथा महिलाले नगद, मेडल र प्रमाणपत्र पाउनेछन् । यस प्रतियोगितामा प्रथमका लागि रु एक लाख ५२ हजार ८००, दोस्रोका लागि रु एक लाख १४ हजार ६०० र तेस्रो हुने खेलाडीले रु ७६ हजार ४०० प्राप्त गर्नेछन् ।चौथोदेखि सातौँ हुने खेलाडीका लागि रु ३८ हजार २०० र आठौँदेखि दशौँ स्थान प्राप्त गर्ने खेलाडीका लागि रु १९ हजार १०० पुरस्कारको व्यवस्था गरिएको छ । यस दौडमा एक सय जना नेपाली र ५२ चिनियाँ गरी १५२ जनाले सहभागिता जनाएका छन् ।

विद्यार्थी दौडमा शीर्ष छ (महिला/पुरुष दुवै) खेलाडीका लागि नगद, मेडल र प्रमाणपत्रको व्यवस्था गरिएको छ । प्रथम हुनेका लागि रु ३० हजार, दोस्रोका लागि रु २५ हजार र तेस्रोका लागि रु २० हजार पुरस्कार राशी रहेको छ । चौथोदेखि छैठौँ हुने खेलाडीले रु १०/१० हजार पाउनेछन् । विद्यार्थी दौडमा पाँच सयभन्दा बढी विद्यार्थीले सहभागिता जनाएका छन् । यस्तै ह्याप्पी रनमा सहभागी हुने खेलाडीले प्रमाणपत्र मात्र प्राप्त गर्नेछन् । ह्याप्पी रनमा करिब छ सय जनाले सहभागिता जनाएका छन् ।रासस

## राप्रपा नेपालका अध्यक्ष थापाले लेख्नुभएको ‘बहिनीलाई चिठी’ विमोचन

काठमाण्डु । राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालका अध्यक्ष एवं पूर्व उपप्रधानमन्त्री कमल थापाले लेख्नुभएको ‘बहिनीलाई चिठी’ नामक पुस्तक शनिबार विमोचन गरिएको छ ।

बहिनी विमला विष्टप्रति समर्पित उक्त पुस्तकमा जीवन दर्शन, वियोग, राजनीतिक विषयवस्तु, राष्ट्रियतालगायत छ वटा खण्डहरू छन् । कृतिमा दाजुभाइ र दिदीबहिनीको माया, प्रेम र बिछोड, सुखमय जीवन, विश्वासघातलगायत विषयमा कविता रचना गरिएको छ ।

यहाँ शनिबार आयोजित कार्यक्रममा नेपाल शिक्षा परिषद्की अध्यक्ष वरिष्ठ साहित्यकार रमा शर्माले कृति लोकार्पण गर्दै वियोगलाई शक्तिमा रूपान्तरण गर्न सिर्जना गरिएको उक्त पुस्तक प्रेरणादायी रहेको बताउनुभयो । उहाँले नेपाली साहित्यको विकासमा यस कृतिले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गर्नुभयो।

कृतिका लेखक थापाले साहित्यप्रति अभिरुची भएकाले गीत, कविता लेख्ने गरेको बताउँदै बहिनीसँगको बिछोडको पीडालाई अभिव्यक्त गर्न सो कृति रचना गरेको जानकारी दिनुभयो ।साहित्यकार डा बमबहादुर थापा जितालीले कविता विषयवस्तुका हिसाबले स्वछन्द लयमा रहेको बताउँदै कवितामा बहिनीलाई दिइएको अर्ती, उपदेश भावपूर्ण रहेको साथै मुलुकमा सनातनी, वैदिक महत्त्वलाई दर्शाउन खोजिएको बताउनुभयो ।

पूर्व रथि नेत्रबहादुर थापाले शोकमा लेखिएको कृतिले बेथितिलाई मर्मस्पर्शी रुपमा प्रस्तुत गरेकाले केही कविताले पाठकलाई भावुक बनाउने उल्लेख गर्नुभयो । लेखक थापाका यस अघि नाकाबन्दी र भूराजनीति, बुबा र द्वन्द्व व्यवस्थापनका चुनौति नामक कृति प्रकाशित छन् ।रासस

# ‘प्रविधियुक्त सहरीकरणका लागि बलियो सहकार्य आवश्यक’

काठमाण्डु । उपप्रधानमन्त्री एवं सहरी विकासमन्त्री प्रकाशमान सिंहले नेपालले सहरीकरणमा भोगिरहेको समस्या समाधानका लागि विश्व समुदायको ध्यानाकर्षण गराउन इजिप्ट भ्रमण सफल भएको बताउनुभएको छ ।

इजिप्टको कायरोमा सम्पन्न ‘वर्ल्ड अर्बान फोरम’मा सहभागी भएर स्वदेश फर्कने क्रममा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सञ्चारकर्मीसँग कुरा गर्दै उहाँले भ्रमण उपलब्धिमूलक भएको दाबी समेत गर्नुभयो ।

उहाँले भन्नुभयो, “सहरी विकासका क्षेत्रमा भइरहेको काममा नेपालसँग सहकार्य गरिररहेका अन्तराष्ट्रिय समुदायसँग सम्बन्ध प्रगाढ रहेको छ । आगामी दिनमा सहरीकरणका काम प्रविधियुक्त र थप प्रभावकारी रुपमा अघि बढ्ने छ । ” उपप्रधानमन्त्री सिंहले कायरोमा सम्पन्न फोरममा नेपालले सहरीकरणका क्षेत्रमा हासिल गरेको प्रगति र भोगिरहेको



समस्याबारे विश्वकै ध्यानाकर्षण गराउन सफल भएको बताउनुभयो ।

“जलवायु परिवर्तनले गर्दा सहरमा अतिवृष्टि हुने, बाढी आउने, हिमालमा हिमपहिरो आउँदा विपद्का घटना हुने गरेको छ । तर, नेपाल यस्तो देश हो विश्वमा, जसले प्रदूषण कम गर्छ तर जलवायु परिवर्तनको असर भने धेरै खेप्नु परिरहेको छ । यसले गर्दा ग्रिन फाइनान्सिङको कुरामा संयुक्त राष्ट्रसङ्घसँग कुरा गरेर नेपाललाई सहयोग पुऱ्याउनुपर्नेमा जोड दिनुपर्छ भन्ने कुरालाई मैले उठाएको छु”, उपप्रधानमन्त्री सिंहले भन्नुभयो, “आउँदा दिनमा हामीले गरेको प्रयासको लाभ देखिन्छ ।” तथ्य र तथ्याङ्कमा आधारित योजनामा युएनको निरन्तर सहयोगको प्रतिबद्धता रहेको जनाउँदै उहाँले दिगो सहरीकरणका लागि बलियो सहकार्य गर्न संयुक्त राष्ट्रको समर्थन नेपालका लागि सकारात्मक रहेको उपप्रधानमन्त्री सिंहको भनाइ थियो । वर्ल्ड अर्बान फोरममा नेपालले आफ्ना विषय विश्व मञ्चमा जोडदार रुपमा उठाएको र भ्रमण फलदायी भएको उहाँले बताउनुभयो ।

मन्त्रालय तहको छलफलमा ७७ राष्ट्रका सहरी विकाससँग सम्बन्धित मन्त्रीहरु सहभागी थिए ।रासस

# ‘डायलासीस मेसिन’ तत्काल जडान गर्न स्वास्थ्यमन्त्रद्वारा निर्देशन



डुम्रे । स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले जीपी कोइराला स्वासप्रश्वास उपचार केन्द्रमा ‘डायलासीस मेसिन’ जडान गरी मिर्गौला उपचार सेवा प्रवाह गर्न निर्देशन दिनुभएको छ ।

तनहुँको शुक्लागण्डकी नगरापालिका-५ बेलचौतरास्थित केन्द्रको शनिबार निरीक्षण गर्नुहुँदै उहाँले मेसिन खरीद गर्न मन्त्रालयले प्राथमिकता दिने जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “मेसिन जडान गरी मिर्गौलाको डायलासिस सेवा प्रवाह गर्नुहोस्, मेसिनका सबै प्रबन्ध मन्त्रालयले गर्नेछ ।” छिमेकी जिल्लावासीले सेवा लिने अस्पतालमा यस सेवा अत्यावश्यक भएकाले तुरुन्तै सेवा प्रवाहलाई प्राथमिकता दिनुपर्नेमा उहाँको जोड छ ।

उपचार केन्द्रलाई तीन सय शैय्यामा विस्तार गर्न लागि आवश्यक पूर्वाधारको निम्ति पहल भइरहेको र अब छिट्टै टुङ्गो लाग्ने उहाँले जानकारी गराउनुभयो । केन्द्रका निर्देशक डा रामकुमार श्रेष्ठले डायलासिस सेवा प्रवाहका लागि स्थानको निर्माण भइरहेको बताउनुभयो । उहाँले भन्नुभयो, “पूर्वाधार तयार भइरहेको छ, छिट्टै उपचार केन्द्रबाट डाइलासिसको सेवा प्रवाह गर्ने तयारी भएको छ, कर्मचारी छनौट गरी तालिममा पठाएका छौं, पूर्वाधारका साथै कर्मचारी समेत तयार गरिरहेका छौँ ।”

उपचार केन्द्रबाट छिट्टै डायलासिसको सेवा प्रवाह गर्ने तयारी भएको छ । यस अस्पतालमा डायलासिस सेवा प्रवाह हुन थालेपछि तनहुँका साथै कास्की, स्याङ्जा, नवलपुर, पाल्पा जिल्लावासी लाभान्वित हुनेछन् ।रासस

# ‘मातृभाषासँगै अङ्ग्रेजी सिक्नु जरूरी छ’

दमक । कोसी प्रदेश सरकारका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले मातृभाषाका साथै बद्लिदो परिवेशका कारण अङ्ग्रेजी पनि सिक्नुपर्ने अवस्था आएको बताउनुभएको छ ।

आज झापाको दमकमा नेपाल अङ्ग्रेजी भाषा शिक्षक सङ्घ (नेल्टा) को कोसी प्रदेश सम्मेलन तथा विचार गोष्ठीको उद्घाटन गर्दै मुख्यमन्त्री कार्कीले हरेक सामुदायिक विद्यालयले मातृभाषाका साथै विद्यार्थीलाई न्यूनतम रूपमा अङ्ग्रेजी भाषामा बोलीचाली गर्नसक्ने गरी क्षमता वृद्धि गराउनुपर्नेमा जोड दिनुभयो । अङ्ग्रेजी भाषाले अन्तर्राष्ट्रिय मान्यता पाएकाले पनि यो सिक्नु जरूरी रहेको उहाँले उल्लेख गर्नुभयो ।

आफ्नो विद्यालय तहको पढाइ स्मरण गर्दै मुख्यमन्त्री कार्कीले भन्नुभयो, “हामी विद्यालय पढ्ने बेला कक्षा पाँचमा मात्रै अङ्ग्रेजी अक्षर चिनेको थिएँ । अहिले समय बदलिएको छ । अङ्गजी भाषाले अन्तर्राष्ट्रिय मान्यता पाएसँगै



विश्वको जुनसुकै ठाउँमा पुगे पनि सञ्चार गर्न सकिन्छ । नेपाली शिक्षा, रोजगारीलगायत कारणले विभिन्न मुलुक जाने गरेका छौँ, तसर्थ अङ्ग्रेजी सिक्नु आवश्यक जस्तै बनेको छ ।”

उहाँले भाषिक ज्ञान र सीपलाई व्यवहारमा सही तरिकाले कार्यान्वयन गर्न सके मात्र परिवेश र अवस्था सुहाउँदो शिक्षा प्राप्त सकिने धारणा राख्नुभयो । यस किसिमका विचार गोष्ठी तथा सम्मेलनमा हुने अन्तरक्रिया र बहसले आगामी दिनमा अङ्ग्रेजी भाषाको शिक्षण सिकाइमा थप मद्दत पुग्ने मुख्यमन्त्री कार्कीले विश्वास व्यक्त गर्नुभयो ।

नेल्टा कोसी प्रदेश समितिका अध्यक्ष गुणराज नेपालको अध्यक्षतामा भएको उद्घाटनमा नेल्टाका पूर्वराष्ट्रिय अध्यक्ष एवं प्राध्यापक डा गोविन्दराज भट्टराई, काठमाडौँ विश्वविद्यालय शिक्षा सङ्कायका डिन प्रा डा बालचन्द्र लुइँटेल, नेल्टाका केन्द्रीय अध्यक्ष प्रा डा लक्ष्मण ज्ञवाली, अमेरिकी दूतावासको क्षेत्रीय अङ्ग्रेजी भाषा विभागप्रमुख रोजरअफ कोहेन, युकेबाट फोनेक्स केनी, नेल्टाका पूर्वअध्यक्ष सहप्राध्यापक मोतिकला सुब्बा, काठमाडौँ विश्वविद्यालयका सहप्राध्यापक हेमन्तराज दाहाललगायत व्यक्तित्वको उपस्थिति थियो ।

आइतबारसम्म सञ्चालन हुने उक्त गोष्ठीमा कोसी प्रदेशका विभिन्न विद्यालयका, क्याम्पसलगायत शिक्षण संस्थाका अङ्ग्रेजी विषयका शिक्षकहरू गरी करिब पाँच सय सहभागी भएका आयोजकले जनाएको छ ।स्थानीय सिदार्थ बोर्डिङ स्कूलमा सुरु भएको शैक्षिक क्षेत्रका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विषय विज्ञहरूबीच बहस र अन्तरक्रियासहितकको यस किसिमको गोष्ठी झापामा पहिलो पटक भएको आयोजकको भनाइ छ ।रासस

# कांग्रेस संस्थापक नेता सुवर्ण शम्शेरको सम्झना

पाटन । नेपाली काँग्रेसका केन्द्रीय सदस्य एवं राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष डा गोविन्दप्रसाद पोखरेलले राजनीतिक पार्टीका दर्शन र विचार सही भएर मात्र नभई नेतृत्व पनि सही हुनुपर्नेमा जोड दिनुभएको छ ।

कांग्रेसका संस्थापक नेता सुवर्ण शम्शेरको स्मृति दिवस तथा सर्वमान्य नेता गणेशमान सिंहको जन्मजयन्तीका अवसरमा उहाँहरुको राजनीतिक योगदान, सङ्घर्षमय जीवन, अभूतपूर्व र अतुलनीय योगदान तथा आजको सान्दर्भिकता विषयमा आज पार्टीको जिल्ला कार्यालय लितपुरमा आयोजित विचार गोष्ठीमा उहाँले नेतृत्व सही भएमात्रै देशको विकास हुनसक्ने भएकाले सही र सिर्जनशील नेतृत्वमा ध्यान दिनुपर्ने बताउनुभयो ।

“बिपी र गणेशमानलाई पढ्दा राजनीति गर्न मन लाग्छ, तर जनप्रतिनिधि हुन मन लाग्दैन, उहाँहरुमा त्यागको भावनाबाट राजनीतिक प्रणाली परिवर्तन गर्नसक्ने ताकत थियो, नेतृत्वमा रहेका एकार्कामा विश्वास थियो, सुवर्ण शम्शेरले तयार गरिदिएको अर्थतन्त्रकै आधारमा रहेर अहिले देश अगाडि बढिरहेको छ, आधार भएमात्रै सेवा प्रवाह गर्न सकिन्छ, राजनीति भनेको देश बनाउन हो”, उहाँले भन्नुभयो ।

उहाँले सुवर्ण शम्शेरले विसं २०१६ मा बजेट ल्याउँदा रोपवे, सडक र पूर्वपश्चिमको सडकको खाका तयार गर्नुभएको स्मरण गर्नुभयो । सभापति जीतेन्द्रकुमार श्रेष्ठले गणेशमानले निरंकुशता हटाउँदै प्रजातान्त्रिक आन्दोलन सफल पार्नका लागि वडाहाकिमसमेत रहनुभएका आफ्ना पिताको आलिसान महल छाडेर डेरामा बस्नुभएको स्मरण गर्नुभयो ।

नेपाल महिला सङ्घ ललितपुरका अध्यक्ष तथा ललितपुर महानगरपालिकाका पूर्वउपप्रमुख गीता सत्यालले सुवर्ण शम्शेर र गणेशमानको विचारलाई हामीले भुलेको हो कि भन्ने भान आमजनमानसमा परिरहेको बताउनुभयो ।रासस

Madhesh Institute of Health Sciences
Provincial Hospital
Janakpurdham
Bid Addendum Notice
**Bid Addendum Publication Date: 10 November 2024**
Addendum is done in IFB No. MIHS/GOODS/NCB/2081-82/02; The Procurement of Supply of Medical and Surgical Equipments; Published on 18 October 2024. For details on Bid Addendum, visit www.bolpatra.gov.np/egp

# टिकटक र भाइबर नेपालमा दर्ता, मेटा र एक्स मानेनन् भने के कारबाही होला?

बीबीसी

काठमाण्डु । नेपालमा नौ महिना लामो प्रतिबन्धको सामनासमेत गरेको टिकटक सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा औपचारिक रूपमा सूचीकृत भएसँगै अन्य सामाजिक सञ्जालहरूले के गर्लान् भन्ने चासो व्यक्त भइरहेको छ।'सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका, २०८०' अनुसार त्यस्ता प्लेटफर्म सञ्चालकले अनिवार्य रूपमा मन्त्रालयमा सूचीकरण गराउनुपर्ने व्यवस्था छ।




हालसम्म नेपालमा टिकटकसहित तीनवटा सामाजिक सञ्जाल तथा एपहरू मात्र सूचीकृत भएको अधिकारीहरूले जानकारी दिए। गत मङ्गलवार टिकटक आधिकारिक रूपमा सूचीकृत हुनुअघि भाइबर र वीटक सूचीकृत भएका थिए। यद्यपि नेपालमा प्रयोग भइरहेका सामाजिक सञ्जाल तथा सर्च इन्जिनलगायतका कैयौँ प्रविधि कम्पनीहरू कर प्रणालीमा भने यसअघि नै दर्ता भइसकेको अधिकारीहरू बताउँछन्।

तीन वर्षअघिको बजेटमार्फत् सरकारले त्यस्ता प्रविधि कम्पनी सञ्चालकहरूलाई करको दायरामा ल्याउने घोषणा गरेसँगै गुगल, मेटा, माइक्रोसफ्टलगायतका कैयौँ कम्पनी कर प्रणालीमा दर्ता भएका थिए।

टिकटकको प्रतिबन्ध, फुकुवा र दर्ता

सरकारले "सामाजिक सद्भाव र वातावरणमा खलल पुऱ्याउन भूमिका खेलेको" भन्दै गत वर्ष कात्तिक २७ गते नेपालमा उक्त एपमाथि प्रतिबन्ध लगाएको थियो।

नेपाल सरकारले प्रतिबन्ध लगाएको भए पनि भीपीएन प्रयोग गरेर धेरै प्रयोगकर्ताहरूले टिकटक चलाउने गरेका थिए।उक्त प्रतिबन्धपछि टिकटकले नेपाल सरकारका सर्त तथा नियमहरू मानेर सञ्चालन गर्न आफू तयार रहेको भन्दै पटकपटक पत्राचार गरेको थियो।

गत भदौँ ६ गते टिकटकले सामाजिक सञ्जाल सञ्चालन निर्देशिकाअनुसार दर्ता हुन सहमति जनाएको तथा सरकारी सर्तहरू मान्न तयार भएको भन्दै सरकारले त्यसमाथिको प्रतिबन्ध फिर्ता दिएको थियो। टिकटकले उक्त एपमा प्रयोग हुने भाषाको नियमनका लागि अधिकारी तोक्ने, नेपालको पर्यटन र डिजिटल शिक्षा तथा सुरक्षामा सहयोग गर्नेलगायतका सर्तहरू मान्न टिकटक तयार भएको अधिकारीहरूले बताएका थिए।

ती सर्तहरू मान्ने गरी टिकटकले आवश्यक कागजातहरूसहित निवेदन दिएको र तिहारअघि नै उसलाई सूचीकरण गर्ने मन्त्रीस्तरीय निर्णय भएको सञ्चार मन्त्रालयका प्रवक्ता गजेन्द्र ठाकुरले बताए।"तिहारको बिदा परेकाले उहाँहरूलाई सूचीकरणको प्रमाणपत्र दिन सकेनौँ र अहिले तिहार बिदा सकिएपछि दिइएको हो," उनले भने।

### मेटा र एक्सलाई पत्राचार

ठाकुरले दिएको जानकारीअनुसार टिकटकले सूचीकरणका लागि निवेदन दिएकै बेला करिब दुई साताअघि नेपाल सरकारले मेटा र एक्सलाई पनि सूचीकरणका लागि आग्रह गर्दै पत्र पठाएको छ।पहिले 'ट्विटर' भनिने एक्सलाई अहिले इलोन मस्कले चलाउँछन् भने फेसबुक, इन्स्टाग्राम र ह्वाट्सएप सञ्चालक मेटाका मालिक मार्क जकर्बर्ग हुन्।दुवै कम्पनीका केन्द्रीय कार्यालयहरूलाई पत्राचार गरिएको र त्यसको बोधार्थ भारतस्थित उनीहरूका कार्यालयहरूलाई पनि दिएको ठाकुरले बताए।

"उहाँहरूलाई हामीले पत्राचार गरिसकेका छौँ र चाँडै उहाँहरू पनि टिकटकजस्तै सूचीकरणका लागि आउनुहुने छ भन्ने हामीले ठानेका छौँ," ठाकुरले भने। 'उनीहरू सूचीकरणका लागि आएनन् भने के गर्नुहुन्छ?' भन्ने प्रश्नमा उनले भने, "टिकटक सूचीकरण भएपछि उहाँहरूलाई पनि नैतिक दबाव पर्छ भन्ने हामीले ठानेका छौँ। हामी आशावादी छौँ उहाँहरू आउनु हुने छ।"यद्यपि दुवै कम्पनीहरूले हालसम्म नेपाल सरकारको पत्रको उत्तर दिइसकेका छैनन्।

### सूचीकरणले के फाइदा?

सामाजिक सञ्चालहरू सूचीकृत हुँदा त्यसबाट नेपाललाई नियमनका निम्ति सहज हुने ठाकुर बताउँछन्।"सूचीकरण गर्दा उहाँहरूले सम्पर्क व्यक्ति पनि तोक्नुपर्ने हुन्छ र टिकटकका हकमा उहाँहरूले तोक्नु भएको छ," ठाकुरले भने, "त्यसले हामीलाई धेरै सजिलो पार्छ।"उनका अनुसार कुनै पनि कम्पनी नेपालमा नै सूचीकरण भएको अवस्थामा साइबर अपराध अनुसन्धानमा सहयोग पुग्छ।

"कसैले कानुनविपरीतका सामग्री राखेको छ र त्यसको अनुसन्धान गर्नुपर्ने भयो भने उहाँहरूले तोकेको सम्पर्क व्यक्तिसँग सहजै पहुँच हुन्छ। राखिएका सामग्रीहरूको निगरानी गर्नका लागि पनि सहज हुन्छ," उनले भने।टिकटकले पनि आफ्नो माध्यम प्रयोग गरेर हुने साइबर अपराध रोक्न पूर्ण रूपमा सहयोग गर्ने प्रतिबद्धता जनाएको तथा त्यससम्बन्धी जनचेतना जगाउन लगानी पनि गर्ने भएको उनले बताए।"यसले हामीलाई अपराध नियन्त्रणमा धेरै सहयोग पुग्नेछ भन्ने विश्वास छ," ठाकुरले भने।

### सूचीकरण हुने कम्पनीलाई के फाइदा हुन्छ?

नेपाल टेलिकमका भूतपूर्व प्रबन्ध निर्देशक बुद्धिप्रसाद आचार्य कुनै पनि देशमा कानुनी रूपमा दर्ता वा सूचीकरण हुँदा सामाजिक सञ्जाल सञ्चालकहरूलाई पनि फाइदै पुग्ने बताउँछन्।

उनले भने, "अब लुकेर व्यापार गर्नुपरेन, नेपालमा पनि हामी दर्ता भएर यहीको कम्पनी जसरी काम गर्न सक्छौँ भन्ने उनीहरूलाई भयो।""स्थानीय सामग्रीहरूमा पनि उनीहरूको पहुँच हुने भयो र त्यसबापत कर तिरेर कानुनी रूपमै आम्दानी लैजान पनि सहज भयो।"उनले नेपाल सरकारले मुख्यतः कर उठाउने प्रयोजनका लागि मात्र सामाजिक सञ्जाल तथा अन्य प्रविधि कम्पनीहरूलाई यसरी दर्ता वा सूचीकरण गराउन खोजेको जस्तो देखिएको बताए।

"यसको फाइदा भनेको कर उठाउनका लागि मात्र होइन, साइबर सुरक्षाका दृष्टिले पनि हुन्छ तर सरकारले साइबर सुरक्षाको विषयलाई भन्दा करलाई बढी महत्त्व दिएको जस्तो देखिन्छ," उनले भने। टिकटक सूचीकरण हुन आए पनि मेटा र एक्स भने टिकटकजस्तो सजिलै आउँलान् भन्ने चाहिँ आफूलाई नलागेको आचार्यले बताए।उनले भने, "एक्सले के गर्छ भन्ने त भन्नै सकिन्न किनभने इलोन मस्कले कस्तो नीति लिन्छन् भन्ने यकिन भन्नै सकिन्न।""मेटा पनि सहजै सूचीकरणका लागि आउँछजस्तो मलाई लाग्दैन तर आउँदा उसलाई पनि फाइदै हुन्छ।"

> गत भदौँ ६ गते टिकटकले सामाजिक सञ्जाल सञ्चालन निर्देशिकाअनुसार दर्ता हुन सहमति जनाएको तथा सरकारी सर्तहरु मान्न तयार भएको भन्दै सरकारले त्यसमाथिको प्रतिबन्ध फिर्ता दिएको थियो।

### सूचीकरण नहुने कम्पनीलाई कारबाही हुन्छ?

सामाजिक सञ्चालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका गत वर्ष मङ्सिरमा राजपत्रमा प्रकाशित भई लागु भएको थियो। त्यसअनुसार निर्देशिका प्रारम्भ हुनुअघि सञ्चालनमा रहेका सामाजिक सञ्जाल निर्देशिका प्रारम्भ भएको मितिले तीन महिनाभित्र मन्त्रालयमा सूचीकृत हुनुपर्छ। त्यस्ता प्ल्याट्फर्म चलाउन चाहने व्यक्ति र कम्पनीहरूले मन्त्रालयमा निर्देशिकामा तोकिएको ढाँचाअनुसार दर्ता हुनुपर्ने प्रावधान त्यसमा राखिएको छ।

त्यसमा भनिएको छ, "सूचीकृत नभएका सामाजिक सञ्जाल प्ल्याट्फर्मलाई मन्त्रालयले नेपालभित्र सञ्चालनमा रोक लगाउन सक्ने छ।" यद्यपि हालसम्म नेपालमा धेरै प्रयोग हुने मानिएको फेसबुकको सञ्चालक मेटा नै मन्त्रालयमा सूचीकृत भएको छैन।त्यस्तो अवस्थामा सरकारले "मेटालाई टिकटकलाईजस्तै प्रतिबन्ध लगाउन सक्छ?" भन्ने प्रश्नमा सरकारी अधिकारीहरू मेटा चाँडै सूचीकरणका लागि आउनेमा आफूहरू "आशावादी रहेको" बताउँछन्।आचार्य चाहिँ सूचीकरण हुन नआएको अवस्थामा पनि मेटा वा एक्सजस्ता कम्पनीहरूलाई सरकारले प्रतिबन्ध लगाउने अवस्था नरहेको र त्यस्तो सम्भावना पनि नदेखिएको बताउँछन्।

### 'भुक्तानी प्रणालीमा नीतिगत स्पष्टता आवश्यक'

विज्ञापन सङ्घ नेपालका अध्यक्ष सुदीप थापा सरकारले सामाजिक सञ्चालहरू तथा डिजिटल प्ल्याट्फर्महरूलाई दर्ता तथा सूचीकरण गरे पनि अझै ती माध्यमहरूमा नेपालबाट गरिने भुक्तानीसम्बन्धी स्पष्ट नीति नबनाएको बताउँछन्।

उनले भने, "यहाँको कर प्रणालीमा दर्ता भएका र मन्त्रालयमा सूचीकरण भएका सामाजिक सञ्चालहरूमा विज्ञापनको भुक्तानी गर्दा नेपाली मुद्रामै गर्नुपर्ने व्यवस्था हुनुपर्ने हो। त्यो अहिलेसम्म हुन सकेको छैन।""अहिले हामीले राष्ट्र ब्याङ्कको नियममा रहेर डलरमा भुक्तानी गरिरहेका छौँ तर त्यसलाई नेपाली मुद्रा बनाएमा सहज हुने थियो।"उनले सरकारले दर्ता गर्ने नियम ल्याए पनि त्यससँग जोडिएका अन्य कैयौँ विषयहरूलाई अझै पनि नीतिगत रूपमा समेट्न नसकेको भन्दै त्यसतर्फ ध्यान दिन आग्रह गर्छन्।

### कर प्रशासन के भन्छ?

नेपाली मुद्रामा कारोबार नहुँदा सामाजिक सञ्जाल वा अन्य प्रविधि कम्पनीहरूले नेपालबाट धेरै आम्दानी गर्ने तर त्यसबापत तिर्नुपर्ने करको दायित्व बहन नगर्ने अवस्था रहेको हुन सक्ने कतिपयको भनाइ छ।नेपाल टेलिकमका पूर्वप्रमुख आचार्य भन्छन्, "उनीहरूले कर कसरी तिर्ने हो भन्नेबारे हामी स्पष्ट हुन सकेका छैनौँ। उनीहरूले घोषणका गरेका आधारमा मात्र कर लिने हो कि? यहाँबाट भइरहेको सबै कारोबारलाई समेट्ने कुनै एकीकृत गेटवे भएको अवस्था त छैन।"

आन्तरिक राजस्व विभागका अनुसार नेपालमा गुगल, मेटा, माइक्रोसफ्ट, एक्स, नेटफ्लिक्सलगायतका त्यस्तै प्रकृतिका १८ वटा कम्पनीहरू हालसम्म कर प्रणालीमा दर्ता भइसकेका छन्।ती कम्पनीहरूले मुख्यतः आयकर र मूल्य अभिवृद्धि कर तिर्नुपर्ने कर अधिकृतहरू बताउँछन्।आर्थिक ऐनअनुसार नेपाली उपभोक्तालाई उपलब्ध गराएको विद्युतीय सेवाको कारोबार मूल्यमा ती कम्पनीहरूले दुई प्रतिशत सेवा कर अर्थात् 'डिजिटल सर्भिस ट्याक्स' (डीएसटी) तिर्नुपर्छ।

त्यस्तो कर आयवर्ष सकिएको तीन महिनाभित्र तिर्नुपर्ने कानुनी प्रावधान छ। मूल्य अभिवृद्धिसम्बन्धी कानुनले डीएसटी तिर्ने करदाताहरूलाई भ्याटको दायरामा पनि ल्याएको छ। उनीहरूले मासिक रूपमा नेपाली उपभोक्तालाई दिएको सेवामूल्यको १३ प्रतिशत भ्याट राजस्व कार्यालयमा दाखिला गर्नुपर्ने हुन्छ।सरकारले त्यस्ता विद्युतीय सेवामा विज्ञापन मात्र नराखी 'ओभर द टप' अर्थात् 'ओटीटी प्ल्याटफर्म'हरूले दिने सेवासहित विभिन्न सेवाहरूलाई समावेश गरेको छ।

आन्तरिक राजस्व विभागका महानिर्देशक रामप्रसाद आचार्य नेपालमा मेटा, एक्स, माइक्रोसफ्ट, नेटफ्लिक्सजस्ता ठूला कम्पनीहरू कर प्रणालीमा दर्ता भएको र उनीहरूले डीएसटी र भ्याट तिररहेको बताउँछन्।नेपालमा भइरहेको सबै कारोबार भुक्तानी प्रणालीका कारणले सरकारी निकायहरूलाई जानकारी नै नहुने अवस्था रहेकोबारे सोधिएको प्रश्नमा उनले भने, "यदि त्यस्ता केही नीतिगत छिद्रहरू रहेछन् भने त्यसबारे अनुसन्धान पनि हुन्छ र नीतिगत सुधार गर्नुपर्ने भएमा त्यसतर्फ पनि हामी कदम चाल्छौँ।"

# यु-१९ महिला टि-२० विश्वकपमा युएई विजयी



काठमाण्डु । युएईमा जारी आइसिसी यु-१९ महिला टि-२० विश्वकप एसिया छनोटको तेस्रो खेलमा नेपालले हार व्यहोरेको छ । युनाइटेड अरब इमिरेट्स (युएई)को अजमानस्थित द सेभेन रङ्गशालामा शनिबार भएको खेलमा घरेलु टोली युएईले नेपाललाई १३ रनले हराएको हो । युएईले दिएको एक सय २३ रनको लक्ष्य पछ्याएको नेपालले निर्धारित २० ओभरमा ५ विकेट गुमाएर एक सय नौ रन मात्रै बनाउन सक्यो ।

नेपालका लागि कप्तान पूजा महतोले सर्वाधिक ४८ रन बनाइन् । उनले ४३ बलमा ५ चौकाको मद्दतले सर्वाधिक ४८ रन बनाएकी हुन् । साना प्रवीण र सोनी पाख्रिनले समान १९/१९ रन बनाए । ज्योत्स्निका मरासिनीले ११, सावित्री धामीले ७ र एलिशाकुमारी यादवले तीन रन बनाइन् । यो खेलमा नेपालले अतिरिक्त तीन रन पाएको छ । युएईका लागि इन्धुजा नन्दकुमार, लावन्या केनी र मेहक ठाकुरले समान १/१ विकेट लिए ।

त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको युएईले निर्धारित २० ओभरमा ७ विकेट गुमाएर १२२ रन बनाएको थियो । युएईका लागि रिनिथा रञ्जितले सर्वाधिक ४८ रन बनाइन् । उनले ३३ बलमा ५ चौका र २ छक्कासहित सर्वाधिक ४८ रन बनाएकी हुन् । यस्तै लावन्या केनीले २०, इन्धुजा नन्दकुमारले १२, समाइरा धरनिधर्कले ८, अल मसीरा जहाँगीरले ६ रनको योगदान दिए । ऋषिता राजित र अवनी सुनिल पाटिलले समान ९/९ रन बनाए । युएइले अतिरिक्त १० रन प्राप्त गरेको हो । नेपालका लागि रिया शर्माले सर्वाधिक तीन विकेट लिइन् । पूजा महतो, कृश्मा गुरुङ र सीमा केसीले समान १/१ विकेट लिए । एसिया छनोटमा नेपालको यो पहिलो हार हो । यसअघि नेपालले दुई खेल जितेको थियो ।

पहिलो खेलमा नेपालले थाइल्याण्डलाई ६७ रनको फराकिलो अन्तरले पराजित गरेको थियो । दोस्रो खेलमा नेपालले कुवेतलाई एक सय आठ रनले हराएको थियो ।

नेपालले आइतबार थाइल्याण्डसँग चौँथो खेल खेल्नेछ । छनोट खेलमा आयोजक युएईसहित नेपाल, कुवेत र थाइल्याण्ड सहभागी छन् । सहभागी चार टोलीमध्ये शीर्ष स्थान हासिल गर्ने टोली सन् २०२५ मा मलेसियामा हुने विश्वकपमा छनोट हुनेछ ।रासस

# पाँच किमी दौडमा पुरुषतर्फ कार्की र महिलातर्फ भण्डारी

लेखनाथ । पोखरामा सम्पन्न तेस्रो अन्तर्राष्ट्रिय क्रस कन्ट्री प्रतियोगिताअन्तर्गत पाँच किलोमिटर दूरीको विद्यार्थी दौड (महिला/पुरुष) मा पुरुषतर्फ बादल कार्की र महिलातर्फ नारायणी भण्डारी प्रथम भएका छन् ।



प्रतियोगितामा पुरुषतर्फ कृष्ण परियार र रमेश बुढाले क्रमशः दोस्रो र तेस्रो स्थान हासिल गरेका हुन् । महिलातर्फ स्वीकृति कार्की र जुही राई तेस्रो भएका छन् । यो दौड फेवा किनाराको बाराही घाटबाट सुरु भई गौरीघाट, सहिदचोक, राष्ट्र बैंक चोक हुँदै ड्यामसाइटबाट पुनः राष्ट्र बैंक चोक हुँदै बाराहीघाट पुगेर सम्पन्न भएको थियो ।

विद्यार्थी दौडमा शीर्ष छ/छ (महिला र पुरुष) खेलाडीलाई नगद, मेडल र प्रमाणपत्रको व्यवस्था गरिएको छ । प्रथम हुनेले रु ३० हजार, दोस्रोले रु २५ र तेस्रोले रु २० हजार राशि पुरस्कार प्राप्त गर्नेछन् ।

चौँथोदेखि छैँठौं हुने खेलाडीले रु १०/१० हजार पाउनेछन् । प्रतियोगितामा पाँच सयभन्दा बढी विद्यार्थी सहभागी थिए । रासस

# गाजामा भएको इजरायली हमलामा १४ जनाको मृत्यु

एएफपी

गाजा । गाजामा शनिबार भएको इजरायली हमलामा १४ जना प्यालेस्टिनीको मृत्यु भएको गाजाको नागरिक सुरक्षा एजेन्सीले जनाएको छ ।

एजेन्सीका अनुसार मृत्यु हुनेमा अधिकाशं महिला तथा बालबालिका रहेका छन् ।

खान युनिसको दक्षिणी क्षेत्र स्थित विस्थापित प्यालेस्टिनीको निवासमा भएको हमलामा उनीहरुको मृत्यु भएको नागरिक सुरक्षा प्रवक्ता महमुद बासलले बताउनु भएको छ । प्यालेस्टिनी मानव अधिकारवादी संस्था रेड क्रिसेन्टले आक्रमणमा घाइते भएका ११ जनालाई उपचारका लागि अस्पतालमा लगिएको पुष्टि गरेको छ ।

गाजाको अल-तुफाह जिल्ला स्थित हजारौं विस्थापितको आश्रय स्थल फहद अल-सबाह स्कूलमा भएको इजरायली आक्रमणमा बच्चासहित पाँच जनाको मृत्यु हुनुका साथै करिब २२ जना घाइते भएको बासलले जनाउनु भएको छ । उहाँले घाइतेहरूलाई अल-अहली अरब अस्पतालमा लगिएको बताउनु भएको छ । यसैबीच, इजरायली सेनाले उत्तरी गाजाको जबालिया क्षेत्रमा दर्जनौं आतङ्ककारीको मृत्यु भएको जनाएको छ भने रफाहमा धेरै लडाकुहरूको मृत्यु भएको जनाएको छ ।

सेना हाल लेबनानमा हिजबुल्लाह र गाजामा हमाससँग लडिरहेका सैनिकहरूसँग दुई मोर्चाको युद्धमा संलग्न छ । पछिल्लो आक्रमणमा सनाले लेबनान र गाजामा ५० भन्दा बढी आतंककारी लक्ष्यहरूमा आक्रमण गरेको विज्ञप्तिमा उल्लेख छ । आक्रमण सैन्य संरचना, हतियार भण्डारणलगायतका क्षेत्र लक्षित रहेको विज्ञप्तीमा जनाइएको छ ।

गाजाको स्वास्थ्य मन्त्रालयको तथ्याङ्क अनुसार इजरायलको सैन्य आक्रमणले अधिकाशं नागरिकसहित कम्तिमा ४३ हजार ५०८ जनाको ज्यान लिइ सकेको छ ।

# पाकिस्तानको एक रेल स्टेसनमा भएको विस्फोटनमा कम्तीमा २५ को मृत्यु

बीबीसी

काठमाण्डु । पश्चिमी पाकिस्तानको एक रेल प्रतिक्षालयमा भएको बम विस्फोटमा कम्तीमा २५ जनाको मृत्यु हुनुका साथै दर्जनौँ व्यक्तिहरू घाइते भएको अधिकारीहरूले बताएका छन्।

बलोचिस्तानको राजधानी क्वेटामा शनिवार बिहानमानिसहरू रेल चढ्न प्रतीक्षा गरिरहेको बेला विस्फोट भएको थियो। क्वेटाबाट पेशावर छुट्ने रेल त्यहाँ निकै लोकप्रिय छ।बलोचिस्तान लिबरेसन आर्मी नामको लडाकु समूहले विस्फोटको जिम्मा लिएको छ। प्रहरीले उक्त हमला आत्मघाती रहेको जनाएको छ।



स्थानीय स्रोतहरूमाथि नियन्त्रण र स्वतन्त्रताको माग गर्दै पछिल्लो समय उक्त प्रान्तमा घातक आक्रमणका घटनाहरूमा वृद्धि भएका छन्। उक्त सहरका कमिसनरले आत्मघाती आक्रमणकारी सहित कम्तीमा २५ जना मारिनुका साथै अन्य झण्डै ५० जना घाइते भएको बताएका छन्। वरिष्ठ प्रहरी अधिकारी मोहम्मद बलोचले आत्मघाती आक्रमणकारीले ६ देखि ८ किलोग्रामसम्मको विस्फोटक पदार्थ प्रयोग गरेको हुनसक्ने ठानिएको बताए। उनका अनुसार मारिनेमा सर्वसाधारण र सैनिकहरू दुवै छन्।

### 'कहालीलाग्दो' घटना

सामाजिक सञ्जालमा देखा परेका विस्फोटको समयका भिडिओहरूमा रेल स्टेसनमा दर्जनौँ मानिसहरू देखिएका छन्।

घटना लगत्तैको दृश्य पनि सामाजिक सञ्जालमा फैलिएको छ। जसमा घाइते अवस्थामा रहेका कैयौँ मानिसहरू र विस्फोटको भग्नावशेष रेल स्टेसनमा छरिएको देखिन्छ। रेल स्टेसनको एकापट्टिको छानो आधा खसेको भिडिओमा देखिन्छ। अब्दुल जबर उक्त घटनापछि घाइतेका रूपमा अस्पताल पुऱ्याइनेमा एक हुन्। उनी टिकट लिएर स्टेसन पुग्ने बित्तिकै उक्त विस्फोटन भएको थियो।

"मैले आज सामना गरेको कहालीलाग्दो अवस्था व्याख्या गर्न सक्दिनँ, त्यो संसार सकिएको दिन आएजस्तो थियो," उनले भने।मोहम्मद सोहाइल भने मुल्तान जाने रेल चढ्नका लागि विस्फोटन लगत्तै पुगेका थिए।"स्टेसनमा सब थोक नष्ट भयो र भुइँमा लडेका मानिसहरू सहायताका लागि चिच्याइरहेका थिए," उनले भने।

### घटनाबारे कसले के भने?

हमलाको जिम्मेवारी लिएको पृथकतावादी लडाकु समूह बलोच लिबरेसन आर्मीले सामाजिक सञ्जालमा एक विज्ञप्ति सार्वजनिक गर्दै सो हमला तालिम पूरा गरेर क्वेटाबाट फर्कँदै गरेको एक सैन्य एकाइप्रति लक्षित भएको जनाएको छ।बलोचिस्तानका मुख्यमन्त्रीले घटनाको निन्दा गर्दै दोषीहरू "जनावरभन्दा पनि खराब" भएको टिप्पणी गरेका छन्। उनले अधिकारीहरूले हमलाकारीहरूलाई नछाडिने बताएका छन्।

पाकिस्तानी संसदका सभामुख सरदार अयाज सदिकले विस्फोटनको निन्दा गर्दै हमलाकारीहरू "मानवताका शत्रु" रहेको बताएका छन्। बलोचिस्तान पाकिस्तानको सबैभन्दा ठूलो प्रान्त हो। प्राकृतिक स्रोतका हिसाबले सबैभन्दा धनी भए पनि त्यो सबैभन्दा कम विकसित प्रान्तको रूपमा छ।उक्त क्षेत्रको इरान र तालिबान नियन्त्रित अफगानिस्तानसँगको अस्थिर सीमा छ। अरब सागरतर्फ समेत बलोचिस्तानको लामो तटीय क्षेत्र छ।

### बलोचिस्तान लिबरेशन आर्मी कस्तो सङ्गठन हो?

बीएलए पाकिस्तानको सत्तालाई चुनौती दिने विद्रोही सङ्गठन हो। यूके र अमेरिकालगायत कैयौँ पश्चिमा देशहरूले यो समूहलाई 'अन्तर्राष्ट्रिय आतङ्कवादी सङ्गठन' मानेका छन्।

पछिल्ला वर्षहरूमा बीएलएले आक्रमणहरू तीव्र बनाएको छ। उसको निसाना पाकिस्तानी सुरक्षा निकायहरूबाट मोडिएर बलोचिस्तानमा सञ्चालित परियोजनामा कार्यरत चिनियाँ नागरिकहरूप्रति लक्षित हुन थालेको देखिएको छ । अरू विद्रोही समूहसँग धेरै समानता भए पनि बीएलएफले चाहिँ बलोचिस्तानका ग्यास परियोजनाहरू, पूर्वाधारहरू र सुरक्षा चौकीहरूलाई निसाना बनाउँदै आएको छ ।

# अमेरिकी डलर र युरोको भाउ बढ्यो

काठमाण्डु । नेपाल राष्ट्र बैङ्कले शनिबारका लागि विदेशी मुद्राको विनिमय दर निर्धारण गरेको छ । राष्ट्र बैङ्कका अनुसार शुक्रबारको तुलनामा शनिबार अमेरिकी डलर र युरोको भाउ बढेको छ ।

शुक्रबार अमेरिकी डलर एकको खरिदर एक सय ३४ रुपैयाँ ७० पैसा र बिक्रीदर एक सय ३५ रुपैयाँ ३० पैसा रहेकामा शनिबारका लागि यस मुद्राको खरिदर एक सय ३४ रुपैयाँ ७१ पैसा र बिक्रीदर एक सय ३५ रुपैयाँ ३१ पैसा कायम भएको छ ।यसैगरी, शनिबारका लागि युरो (युरोपियन युरो) एकको खरिदर एक सय ४५ रुपैयाँ ४२ पैसा र



बिक्रीदर एक सय ४६ रुपैयाँ ०७ पैसा कायम भएको छ । शुक्रबारका लागि यस मुद्राको खरिददर एकको एक सय ४४ रुपैयाँ ९४ पैसा र बिक्रीदर एक सय ४५ रुपैयाँ ५९ पैसा कायम रहेको थियो ।

त्यस्तै, युके पाउन्ड स्टर्लिङ एकको खरिदर एक सय ७४ रुपैयाँ ७७ पैसा र बिक्रीदर एक सय ७५ रुपैयाँ ५४ पैसा रहेको छ । स्विस फ्र्याङ्क एकको खरिदर एक सय ५४ रुपैयाँ ७८ पैसा र बिक्रीदर एक सय ५५ रुपैयाँ ४७ पैसा रहेको छ ।अष्ट्रेलियन डलर एकको खरिदर ८९ रुपैयाँ ४७ पैसा र बिक्रीदर ८९ रुपैयाँ ८७ पैसा कायम भएको राष्ट्र बैङ्कले जनाएको छ । क्यानेडियन डलर एकको खरिददर ९७ रुपैयाँ ०२ पैसा र बिक्रीदर ९७ रुपैयाँ ४५ पैसा रहेको छ ।

बैङ्कका अनुसार सिङ्गापुर डलर एकको खरिददर एक सय एक रुपैयाँ ९८ पैसा र बिक्रीदर एक सय दुई रुपैयाँ ४४ पैसा निर्धारण गरिएको छ ।जापानी येन १० को खरिददर आठ रुपैयाँ ८५ पैसा र बिक्रीदर आठ रुपैयाँ ८९ पैसा, चिनियाँ युआन एकको खरिददर १८ रुपैयाँ ८० पैसा र बिक्रीदर १८ रुपैयाँ ८९ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३५ रुपैयाँ ८७ पैसा र बिक्रीदर ३६ रुपैयाँ ०३ पैसा, कतारी रियाल एकको खरिददर ३६ रुपैयाँ ९५ पैसा र बिक्रीदर ३७ रुपैयाँ १२ पैसा कायम भएको छ ।

केन्द्रीय बैङ्कका अनुसार थाइभाट एकको खरिददर तीन रुपैयाँ ९६ पैसा र बिक्रीदर तीन रुपैयाँ ९८ पैसा, युएई दिराम एकको खरिददर ३६ रुपैयाँ ६८ पैसा र बिक्रीदर ३६ रुपैयाँ ८४ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३० रुपैयाँ ७४ पैसा र बिक्रीदर ३० रुपैयाँ ८८ पैसा, साउथ कोरियन वन एक सयको खरिददर नौ रुपैयाँ ७२ पैसा र बिक्रीदर नौ रुपैयाँ ७६ पैसा, स्विडिस क्रोनर एकको खरिददर १२ रुपैयाँ ५७ पैसा र बिक्रीदर १२ रुपैयाँ ६३ पैसा र डेनिस क्रोनर एकको खरिददर १९ रुपैयाँ ५० पैसा र बिक्रीदर १९ रुपैयाँ ५९ पैसा तोकिएको छ ।

राष्ट्र बैङ्कले हङ्कङ डलर एकको खरिददर १७ रुपैयाँ ३३ पैसा र बिक्रीदर १७ रुपैयाँ ४१ पैसा, कुवेती दिनार एकको खरिददर चार सय ३९ रुपैयाँ ४२ पैसा र बिक्रीदर चार सय ४१ रुपैयाँ ३८ पैसा, बहराइन दिनार एकको खरिददर तीन सय ५७ रुपैयाँ ३३ पैसा र बिक्रीदर तीन सय ५८ रुपैयाँ ९२ पैसा तथा भारतीय रुपैयाँ एक सयको खरिददर एक सय ६० रुपैयाँ र बिक्रीदर एक सय ६० रुपैयाँ १५ पैसा तोकेको छ ।रासस

# गौतमबुद्ध विमानस्थलमा धमाधम अन्तर्राष्ट्रिय उडान



काठमाण्डु । मुलुकको दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा धमाधम अन्तर्राष्ट्रिय उडान हुन थालेको छ । सोही क्रममा शनिबार तीनवटा अन्तर्राष्ट्रिय एयरलाइन्सले उडान सञ्चालन गर्दैछन् । निर्माण सम्पन्न भएको लामो समयपछि यो विमानस्थलमा नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स), जजिरा एयर र फ्लाई दुबईले अन्तर्राष्ट्रिय उडान भर्न लागेका हुन् ।

विमानस्थलका महाप्रबन्धक प्रतापबाबु तिवारीका अनुसार विमानस्थलबाट पहिलोपटक शनिबार अहिलेसम्मकै धेरै तीनवटा अन्तर्राष्ट्रिय उडान हुन लागेका छन् । "गौतमबुद्ध विमानस्थल उद्घाटन भएपछि पहिलोपटक यती धेरै सङ्ख्यामा उडान हुन लागेको छ, यसले यो विमानस्थल आगामी दिनमा व्यावसायिक उडानहरु बढ्नेछन् र यात्रुहरुको आकर्षण पनि बढ्नेछ", उहाँले भन्नुभयो ।नेपाल एयरलाइन्स र जजिरा एयरले पुनः उडान गर्न लागेका हुन् भने फ्लाई दुबईले पहिलोपटक गौतमबुद्ध विमानस्थलमा उडान सञ्चालन गर्न लागेको हो । योसँगै गौतमबुद्ध विमानस्थलमा नियमित अन्तर्राष्ट्रिय उडान गर्ने हवाई सेवा कम्पनीको सङ्ख्या चार पुगेको छ ।

साथै थाई एयर एसियाले शुक्रबार दोस्रोपटक भैरहवाबाट बैंकक उडान सञ्चालन गरेको छ । थाई एयर एसियाले यही कात्तिक १८ गतेदेखि व्यावसायिक उडान सुरु गरेको थियो । कम्पनीले साताको दुई दिन (सोमबार र बिहीबार) बैङ्कक उडान गर्नेगरी उडान अनुमति लिएको छ । गौतमबुद्ध विमानस्थलमा छिट्टै कतार एयरले पनि उडान सञ्चालन गर्ने तयारी गरेको विमानस्थलले जनाएको छ ।

उडान तालिकाअनुसार शनिबार बिहान साढे ७ बजे कुवेतबाट जजिरा एयरको विमान भैरहवा अवतरण हुँदैछ । यो विमान भैरहवाबाट बिहान साढे ८ बजे कुवेत फर्किनेछ । यसअघि १० महिना उडान भरेर उडान स्थगित गरेको एयरलाइन्सले पुनः सोही विमानस्थलमा उडान सुरु गर्न लागेको हो । जजिराले सातामा तीन दिन मङ्गलबार, बिहीबार र शनिबार उडान भर्नेछ ।

यस्तै फ्लाई दुबईको विमान पहिलोपटक भैरहवा विमानस्थलमा अवतरण हुँदैछ । आज दिउँसो १२ बजे फ्लाई दुबईको विमान भैरहवा आउने महाप्रबन्धक तिवारीले जानकारी दिनुभयो । भैरहवाबाट यात्रु लिएर फ्लाई दुबईको विमान काठमाडौँ भएर दुबई फर्किने तालिका छ । हप्ताको सातै दिन फ्लाई दुबईले दुबई-भैरहवा र भैरहवा-काठमाडौँ-दुबई उडान गर्न लागेको हो ।

**नेपाल एयरलाइन्सको भैरहवाबाट दुबई र क्वालालम्पुर उडान**

नेपालएयरलाइन्सलेभैरहवाविमानस्थल बेस बनाएर मलेसियाको क्वालालम्पुर र दुबई उडान भर्दैछ । शुक्रबारका लागि निर्धारित नेपाल एयरलाइन्सको विमानको उडान समेत आजलाई सारिएको महाप्रबन्धक तिवारीले बताउनुभयो । नेपाल एयरलाइन्सले प्राविधिक कारण देखाउँदै शुक्रबारको उडान शनिबारलाई सारेको जनाएको छ । नेपाल एयरलाइन्सको विमान काठमाडौँबाट भैरहवा अवतरण गरी दुबई उड्ने विमानस्थलले उडान तालिका बनाएको छ ।

नेपाल एयरलाइन्सले मलेसियाको क्वालालम्पुरबाट भैरहवा साताको मङ्गलबार एक उडान भर्नेछ । यो एयरलाइन्सको विमान बिहान ७ बजे भैरहवा अवतरण हुनेछ । यो गन्तव्यमा नेपाल एयरलाइन्सले अघिल्लो वर्ष उडान सुरु गरेको थियो ।

दुई वर्षअघि २०७९ जेठ २ गते गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको उद्घाटन भएसँगै जजिराले भैरहवामा उडान थालेको थियो । पछि प्राविधिक कारण देखाउँदै उसले भैरहवा उडान स्थगित गरेको थियो । फ्लाई दुबईले कात्तिकदेखि दुबई-भैरहवा र भैरहवा-काठमाडौँ हुँदै दुबई उडान भर्न लागेको नेपाल नागरिक उड्डयन प्राधिकरणका सहप्रवक्ता ज्ञानेन्द्र भूलले जानकारी दिनुभयो । विमानस्थल उद्घाटन भएको लामो समय भए पनि यहाँबाट अन्तर्राष्ट्रिय उडान नहुँदा यहाँका निजी क्षेत्र निराश भएका छन् । सुरुआती उडान गरेका जजिरा एयरले पनि केही समययता उडान रोकेको थियो ।

दुई वर्षअघि २०७९ जेठ २ गते गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल उद्घाटन गरिएको थियो । दुई अन्तर्राष्ट्रिय विमानस्थल पूर्णक्षमतामा सञ्चालन गर्ने सरकारको कार्ययोजनाअनुरुप गौतमबुद्ध विमानस्थलमा धमाधम अन्तर्राष्ट्रिय उडान सञ्चालन गर्न लागिएको महाप्रबन्धक तिवारीले बताउनुभयो । अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनका लागि आवश्यक पर्ने अध्यागमन, भन्सार, सुरक्षालगायतका व्यवस्थापकीय काम दुरुस्त अवस्थामा रहेको विमानस्थलले जनाएको छ ।

अध्यागमन कार्यालय, गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलका अनुसार धमाधम अन्तर्राष्ट्रिय उडान हुन थालेकाले सोही बमोजिम आवश्यक प्राविधिक जनशक्तिदेखि सबैखाले तयारी गरिएको छ । प्राधिकरणले अन्तर निकायसँग समन्वय र छलफल गरिरहेको छ । अध्यागमन, भन्सार कार्यालय, सुरक्षा निकायको सबैखाले तयारी भएको छ । अध्यागमनमा यात्रु डेस्क निर्माण भएको छ । प्राविधिक पक्ष व्यवस्थापन गरिएको छ । विमानस्थलमा २१ यात्रुसेवा काउन्टर छन् । उपकरण जडान भई अटोमेसनको काम भएको छ ।

**टिआइएको स्तरोन्नति सुरु**

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल (टिआइए) को स्तरोन्नतिको काम शुक्रबार रातिदेखि सुरु भएको छ । काठमाडौँ विमानस्थल मर्मत र विस्तारको काम सुरु भएकाले गौतमबुद्ध विमानस्थलमा धमाधम अन्तर्राष्ट्रिय उडान सञ्चालन भइरहेको हो ।

नेपाल नागरिक उड्डयन प्राधिकरणले यही कात्तिक २३ गतेदेखि दैनिक १० घण्टा उडान बन्द गरेर करिब पाँच महिना विमानस्थल विस्तार गर्न लागेको हो । प्राधिकरणअन्तर्गतको हवाई यातायात क्षमता अभिवृद्धि आयोजनाले विमानस्थलको दक्षिण-पश्चिमतर्फ समानान्तर 'ट्याक्सी वे', उत्तरतर्फको 'इन्टरनेसनल एप्रोन' र विमानस्थलको पूर्वतर्फको 'ह्याङ्गर एप्रोन'लगायत विस्तार गर्नेछ ।

सरकारले राष्ट्रिय गौरवको आयोजना गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा अन्तर्राष्ट्रिय विमानस्थललाई पूर्ण क्षमतामा सञ्चालनका लागि कार्ययोजनासहित प्रक्रिया अगाडि बढाएको छ । सोही योजनाअनुरुप अन्तर्राष्ट्रिय एयरलाइन्सले धमाधम उडान गर्न लागेका हुन् । अन्य एयरलाइन्सले पनि उडानका लागि चासो देखाएको विमानस्थलका अधिकारीले बताएका छन् । निर्माण सम्पन्न भएर लामो समयदेखि नियमित अन्तर्राष्ट्रिय उडान हुन नसकेका ती दुई विमानस्थल सञ्चालनका लागि सरकारले विभिन्न सेवामा एयरलाइन्सलाई सहुलियतलगायतका आकर्षक प्याकेज घोषणा गरेको छ ।रासस

# झापामा सात करोडको सौर्य विद्युत् उत्पादन

झापा । सौर्य ऊर्जा उत्पादन गर्दै आएको झापा इनर्जी लिमिटेडले नौ महिनामा रु सात करोड ११ लाख ३८ हजार सात सय १० मूल्य बराबरको विद्युत् उत्पादन गरेर नेपाल विद्युत् प्राधिकरणलाई बिक्री गरेको छ ।



शिवसताक्षी नगरपालिका-४ बुलुचोकमा उक्त कम्पनीको सौर्य विद्युत् परियोजना सञ्चालनमा रहेको छ । गत वर्षको माघ २३ गते प्रधानमन्त्री केपी शर्मा ओलीले उक्त परियोजनाको उद्घाटन गर्नुभएको थियो ।कम्पनीका प्रबन्ध सञ्चालक सुभाष भट्टराईले गत वर्षको माघ १० गतेदेखि विद्युत् उत्पादन सुरु गरेको बताउनुभयो ।

गत माघ १० गतेदेखि यस वर्षको कात्तिक २० गतेसम्मको अवधिमा परियोजनाले एक करोड १९ लाख सात हजार सात सय ८१ युनिट विद्युत् उत्पादन गरेको उहाँले जानकारी दिनुभयो ।

परियोजनाबाट उत्पादित विद्युत् नजिकै रहेको नेपाल विद्युत् प्राधिकरणको बुलुचोक सबस्टेसनमार्फत राष्ट्रिय ग्रिडमा जोडिने गरेको छ ।

परियोजनाको १० मेगावाट विद्युत् उत्पादन क्षमता रहेको छ ।हिउँदभन्दा वर्खे अवधिमा चर्को घाम लाग्ने भएकाले सौर्य विद्युत् बढी मात्रामा उत्पादन हुने गरेको छ । "हिउँदमा अधिकतम् दैनिक ५९ हजार युनिटसम्म उत्पादन भएको छ", कम्पनीका प्रबन्ध सञ्चालक भट्टराईले भन्नुभयो, "तर, वर्खाको चर्को घाम लागेका बेला दैनिक एक लाखभन्दा बढी युनिट विद्युत् उत्पादन हुने गर्दछ ।"

प्राधिकरणले विद्युत् खरिद सम्झौता बमोजिम कम्पनीबाट उत्पादित विद्युत्प्रति युनिट सात रुपैयाँ ३० पैसाका दरले खरिद गर्दै आएको छ । शिवसताक्षी-४ बुलुचोकमा कम्पनीले खरिद गरेको २२ बिघा जग्गामा परियोजना रहेको छ । त्यहाँ सूर्यको प्रकाशबाट आउने किरणलाई संश्लेषण गर्नका लागि ठूलो क्षेत्रफलमा सौर्य प्यानल राखिएका छन् ।

प्रबन्ध सञ्चालक भट्टराईका अनुसार परियोजनामा रु ८७ करोड लगानी भएको छ । त्यसमा माछापुच्छ्रे बैंक र हिमालयन बैंकले रु ६२ करोड ऋण लगानी गरेका छन् । जनस्तरबाट पूँजी सङ्कलन गरी स्थापना गरिएको झापा इनर्जी लिमिटेडमा विद्युत् उत्पादन गर्ने एकमात्र परियोजना हो ।

यसमा आठ सय सर्वसाधारणको रु ५० हजारदेखि रु ५० लाखसम्म शेयर लगानी रहेको छ । परियोजनामा दुई इन्जिनियरसहित १२ जनाले स्थायी रोजगारी प्राप्त गरेका छन् । विद्युत् उत्पादन प्रणाली स्वचालित भए पनि परियोजनास्थलको रेखदेख र आवश्यक मर्मत सम्भारका लागि कर्मचारी दिनरात खटिने गरेको भट्टराईले बताउनुभयो ।रासस

# केराखेतीबाट वार्षिक आठ लाख आम्दानी

धरान । सुनसरीको बराहक्षेत्र नगरपालिका-६ का अर्जुन विष्ट विसं २०७७ देखि कृषि पेसामा लाग्नुभएको छ ।

व्यावसायिक रूपमा कृषि क्षेत्रमा लाग्नुभएका उहाँले अहिले केरा बिक्रीबाट वार्षिक रु आठ लाखभन्दा बढी आम्दानी गर्दै आएको बताउनुभयो । उहाँले भन्नुभयो, "१७ वर्ष नेपाल प्रहरीको सेवापछि घर फर्किए, अरु व्यापार व्यवसायबाट खासै कमाइ नहुने देखिएपछि कृषि पेसामा लागेको हुँ, डेढ बिघा क्षेत्रफलमा केराखेती सुरु गरेर अहिले वार्षिक रुपमा रु आठ लाख बढी आम्दानी हुन्छ, मासिक ८०, ९० घरीसम्म केरा बिक्री हुने गरेको छ ।"



केरा बिक्रीका लागि धेरैजसो चक्रघटी, कालाबन्जर, चतरा लगायतका स्थानीय बजार तथा इटहरी, धरान, गाइघाटसम्म पनि पठाउने गरेको लैजाने गरेको उहाँ बताउनुहुन्छ । एक घरी केरा रु ४०० देखि ६०० सम्ममा बिक्री हुने गरेको उहाँले बताउनुभयो ।सुरुमा धान, मकै, कोदोको खेती गर्ने उहाँ पछिल्लो समय केराखेती तिर आकर्षित भएको विष्टले बताउनुभयो । अहिले उहाँले भएको सबै आफ्नो जग्गामा केरा, खर्बुजा, भुइँकटहर, दाल, बोडी, सयपत्री फुल र तोरी लगाउनुभएको छ ।

उहाँले भन्नुभयो, "कृषि पेसामा सुरुमा केहि दुःख गर्नुपरे पनि पछि आरामले कमाइ गर्न सकिन्छ, कृषि पेसा भनेको आफैँ मालिक आफैँ कर्मचारी हो, घरमा कहिलेकाही घर खर्च तार्न खाँचो हुँदा अरुसँग ऋण माग्न जानुपर्दैन, तीन/चार घरी केरा बजार लगेर बेच्दा घर खर्च मज्जाले टार्न सकिन्छ ।" उहाँले अहिले मालभोक, चिनियाँ चम्पा र कृष्णभोग गरी तीन किसिमका केरा लगााउनुभएको छ ।

सुनसरीमा हाल पाँच सय १० हेक्टर क्षेत्रफलमा केराखेती हुँदै आएको कृषि ज्ञान केन्द्रका सूचना अधिकृत प्रविनलाल श्रेष्ठले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "सुनसरीमा केराखेतीको उत्पादन राम्रै छ, तर गत असोजमा आएको बाढीले ३८ दशमलव २५ हेक्टरभन्दा बढी केराखेती नष्ट गर्दा रु ३७ लाख बढीको क्षति भएको छ ।"

पछिल्लो समय केराखेतीबाट राम्रो आम्दानीसँगै उत्पादन राम्रो हुन थालेपछि यहाँका किसानले धेरै जसो केराखेती गर्न थालेको सूचना अधिकृत श्रेष्ठको भनाइ छ ।रासस


**नेपाल नागरिक उड्डयन प्राधिकरण**

**जनकपुर नागरिक उड्डयन कार्यालय**

**जनकपुरधाम, धनुषा**

**बोलपत्र आव्हानको सूचना**

(प्रकाशित मिति २०८१/०७/२५)

जनकपुर विमानस्थल नागरिक उड्डयन कार्यालयको टर्मिनल भवन अगाडी रहेको स्थानको ३२५० वर्गमीटर पार्किङ्ग क्षेत्रमा सवारी साधन विसान सेवा शुल्क उठाउने ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले नेपाल सरकारको सम्बन्धित निकायबाट इजाजत प्राप्त गरेका ईच्छुक व्यक्ति/संस्था/फर्म/कम्पनीहरुले निम्न शर्तहरुको अधीनमा रही बोलपत्र फाराम पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ :-

**शर्तहरू**

१. यो सूचना प्रकाशित भएको मितिले २१ (एकाईस) दिनभित्र कार्यालयको बिशालबजार स्थित राष्ट्रिय वाणिज्य बैंक, काठमाण्डौंमा, नेपाल नागरिक उड्डयन प्राधिकरणको नाममा रहेको खाता नम्बर १०९०१०००६४९१७००१ मा रु १,१३०।- (अक्षरेपी एक हजार एक सय तीस मात्र) मूल्य अभिवृद्धि कर सहित (पछि फिर्ता नहुने) दाखिला गरी सोको सक्कल भौचर कार्यालयमा पेस गरी प्राप्त रसिद, नवीकरण सहितको फर्म दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर/स्थायी लेखा नम्बरको दर्ता प्रमाणपत्रको प्रतिलिपि कार्यालयमा पेस गरी बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।

२. बोलपत्र फाराम सूचना प्रकाशित भएको मितिबाट २० औं(बीस औं) दिनको कार्यालय समयभित्र खरिद गरी २१ (एकाईस) औं दिनको १२:०० बजेभित्र कार्यालयमा दाखिला गर्नुपर्नेछ । दाखिला हुन आएका बोलपत्रहरु सोही दिनको २:०० बजे सम्बन्धित बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । सो दिन बोलपत्रदाताकोतर्फबाट अख्तियारी पत्र सहित प्रतिनिधि उपस्थित हुनु पर्नेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए तापनि बोलपत्र खोल्न बाधा पर्नेछैन । बोलपत्र खरिद गर्ने तथा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो पछिको लगत्तै कार्यालय खुलेको दिन सोही समय र स्थानमा बोलपत्र खरिद र दर्ता गरिनेछ ।

३. बोलपत्रसाथ फर्म वा कम्पनी दर्ता प्रमाणपत्र (नवीकरण सहित), सम्बन्धित निकायबाट व्यवसाय सञ्चालन गर्न प्राप्त इजाजत पत्र, मूल्य अभिवृद्धि कर/स्थायी लेखा नम्बरको दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, नागरिकताको प्रतिलिपि, व्यवसाय सञ्चालन गर्ने काम कारबाहीमा भाग लिन अयोग्य नभएको, आफूले यस सम्बन्धमा सजाय नपाएको वा कालोसूचीमा नपरेको भनी लिखित रुपमा गरेको स्वःघोषणापत्र पेस गर्नुपर्नेछ ।

४. सवारी साधन विसान शुल्क उठाउने सेवा सञ्चालनको ठेक्का अवधि ५(पाँच) वर्षको हुनेछ । सो अवधिको न्यूनतम ठेक अंक रु. ४८,७५,०००।- (अक्षरेपीः अठचालिस लाख पचहतर हजार मात्र) कायम गरिएको छ । साथै बहाल रकममा हरेक दुई वर्षमा दश प्रतिशतका दरले स्वतः वृद्धि हुनेछ र सोही अनुरुप कायम हुन आउने थप बहाल रकम समेत बुझाउनु पर्नेछ ।

५. प्राधिकरण तथा मातहतका कार्यालयलाई बुझाउनुपर्ने बाँकी बक्यौता रहेका व्यक्ति, फर्महरुले बोलपत्रमा भाग लिन पाउनेछैन । प्राधिकरणलाई बुझाउनु पर्ने बाँकी बक्यौता रकम नरहेको व्यहोराको प्रमाण बोलपत्र कागजात खरिद गर्दाका समयमा पेस गर्नुपर्नेछ ।

६. कबोल गरेको रकमको ५% ले हुने बोलपत्र जमानत रकम कार्यालयको एभरेष्ट बैंक लि, जनकपुरधाम रहेको धरौटी खाता नम्बर ०१३००१०५०००३३० मा दाखिला गरेको सक्कल भौचर वा सो रकम बराबरको कार्यालयको नाममा 'क' वर्गको वाणिज्य बैंकवाट जारी भएको कम्तीमा १८० दिन (बोलपत्र खोल्ने मितिबाट) मान्य अवधि भएको बैंक ग्यारेन्टी (Bid Bond) बोलपत्रसाथ पेस गर्नुपर्नेछ ।

७. दाखिला गर्ने बोलपत्रको खाम सिलबन्दी गरी खाम बाहिर कुन विषयको बोलपत्र हो, सो स्पष्ट लेखी श्री जनकपुर नागरिक उड्डयन कार्यालय, जनकपुरधामलाई सम्बोधन गरी जनकपुर नागरिक उड्डयन कार्यालयमा दर्ता गराउनु पर्नेछ ।

८. बोलपत्रको दररेट भर्दा अंक र अक्षर दुवैमा लेखिएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

९. रीत नपुगी, म्याद नाघी, शर्तसहित पेस भएको वा तोकिएको कागजात पेस भई नआएको बोलपत्र उपर कुनै कारबाही गरिने छैन ।

१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।

११. बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ ।

१२. यो सूचना नेपाल नागरिक उड्डयन प्राधिकरणको Website: www.caanepal.gov.np र जनकपुर नागरिक उड्डयन कर्यालयको सूचनामा पाटीमा उपलव्ध हुनेछ ।

१३. यस सूचनामा नपरेका अन्य कुराहरु विमानस्थल सेवा शुल्क नियमावली, २०७८ तथा प्रचलित ऐन, नियमानुसार हुनेछ ।

१४. यस सम्बन्धी अन्य कुरा बुझ्नु परेमा कार्यालयमा कार्यालय समयभित्र बुझ्न सकिनेछ ।

१५. सूचनामा भएका शर्त र बोलपत्रका शर्तहरुको अलावा आवश्यक अन्य शर्तहरु सम्झौता पत्रमा राख्न सकिनेछ ।

# ‘मधेशबाटै स्टार्टअप तथा नवउद्यमी अभियान सुरु गरौं’




**टुडे समाचारदाता**

वीरगञ्ज । मुख्यमन्त्री सतीशकुमार सिंहले मधेशका युवा शक्तिको विदेश पलायन रोक्न स्टार्टअप तथा नवउद्यमी अभियानको सुरुवात मधेशबाटै हुने बताएका छन् ।

नेपाल उद्योग वाणिज्य महासंघ मधेश प्रदेश स्टार्टअप समिति, मधेश सरकार र औद्योगिक व्यवसाय विकास प्रतिष्ठानको संयुक्त आयोजनामा शनिबार वीरगञ्जमा सुरु भएको ‘स्टार्टअप तथा नवउद्यमी सम्मेलन-२०२४’ को उद्घाटन गर्दै मुख्यमन्त्री सिंहले मधेशबाटै नवउद्यमीको अभियान थालिने बताए ।

‘मधेशका युवाको विदेश पलायन रोक्न स्टार्टअप तथा नवउद्यमी अभियानको सुरुवात मधेश प्रदेशबाटै गर्नु आवश्यक छ,’ उनले भने, ‘ मधेशका युवा त्यसमा पनि महिला केन्द्रित गरी यो अभियान नचलाइए अर्थतन्त्र उभो लाग्दैन ।’

उनले मधेशका ग्रामीण भेगका महिलाहरु हाल टिकटक र रिल्स जस्ता सामाजिक सञ्जालमा समय खर्च गरी रहेको बताउँदै मधेशका महिलालाई नवउद्यममा प्रेरित गरेर उनीहरुले उत्पादन गर्ने परम्परागत वस्तुहरुको बजारीकरण गर्न सके मधेशका महिलाहरुको पनि उत्थान हुने बताए ।

मुख्यमन्त्री सिंहले युवा शक्तिलाई मिहनत, लगन र दृढ इच्छा शक्तिका साथ कर्मक्षेत्रमा लाग्न प्रेरित गर्दै पर्सा बाराका उद्योगमा स्थानीय युवाहरुलाई प्राथमिकता दिन उद्योगी व्यवसायीलाई आग्रह गरे । मधेशका युवालाई नयाँ-नयाँ विचारका साथ उद्यमशिलताको क्षेत्रमा आउन आह्वान गर्दै उनले बालबालिकालाई सानैदेखि प्राविधिक शिक्षा र नवउद्यम अभियानबारे शिक्षा दिनुपर्ने बताए ।

# मधेशमा १६ हजार छोरीको ‘छोरी शिक्षा बीमा’ अन्योलमा

छोरी शिक्षा बीमामा अहिलेसम्म मधेश प्रदेश सरकारले ५९ करोड ७५ लाख ६१ हजार रुपैयाँ खर्च गरेको निर्देशनालयका उपसचिव तथा सूचना अधिकारी किशोरी कापरले बताए । उनले छोरी शिक्षा बीमामा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले २१ करोड २२ लाख र निर्देशनालयले ३८ करोड ५३ लाख रुपैयाँ खर्च गरेको बताए ।

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारको लोकप्रिय तथा प्रभावकारी कार्यक्रममध्येका ‘मुख्यमन्त्री बेटी पढाउ, बेटी बचाउ’ कार्यक्रम नयाँ सरकार गठन भए लगत्तै अलपत्र परेको छ ।

मधेश प्रदेशका तत्कालीन मुख्यमन्त्री लालबाबु राउतले आर्थिक, समाजिक तथा शैक्षिक रुपमा पछाडि परेका छोरीहरुलाई मध्यनजर गर्दै महिला सशक्तीकरण तथा सबलीकरण, महिला हिंसा, बालविवाह, दाइजो उन्मुल, छोरीलाई गर्भमै तुहाउँने विकृति हटाउने लगायतका उद्देश्यले आर्थिक वर्ष ०७५/०७६ मा ‘मुख्यमन्त्री बेटी पढाउ बेटी बचाउ’ अभियान नै सञ्चालन गरेका थिए ।

मुख्यमन्त्री बेटी पढाउ बेटी बचाउ अभियानअन्तर्गत छात्राहरुलाई साइकल वितरण, बेटी शिक्षा बीमा, विद्यालयहरूमा छात्रामैत्री शौचालय निर्माण, किशोरीहरुका लागि लोकसेवा तयारी कक्षा सञ्चालन, सामुदायिक विद्यालयमा अध्यनरत किशोरीहरुका लागि सेनेटरी प्याड वितरण, जेहेनदार र विपन्न छात्राहरुको उच्च शिक्षाका लागि छात्रवृति वितरण गरिने कार्यक्रम राखिएको थियो । तर वर्तमान सरकारको उदासिनताका कारण सो अभियानअन्तर्गत एउटा मात्रै छोरी शिक्षा बीमा कार्यक्रम संचालनमा छ । छोरी शिक्षा बीमा कार्यक्रम पनि प्रभावकारी रुपमा संचालन हुन नसकेको गुनासो आउन थालेको छ ।

छोरी शिक्षा कार्यक्रम आर्थिक ०७५/०७६ देखि लागु रहेको छ । तर ६ वर्षमा अहिलेसम्म १६ हजारजनाको छोरीको बीमा मात्रै भएको छ ।

सुरुमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यलयबाटै संचालन भएको सो कार्यक्रमबाट पाँच हजार ६ सय




६६ जना छोरीको शिक्षा बीमा गरिएको थियो । साइकल खरिदमा अनियमितता भएको विषय बाहिर आएपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानबिन गर्न लागेकाले उक्त कार्यक्रम २०७८ सालदेखि शिक्षा विकास निर्देशनालयले सञ्चालन गर्दै आएको छ ।

सो कार्यक्रम निर्देशनालय मातहत आएदेखि गति लिन सकेको छैन । आर्थिक वर्ष ०७८/०७९ देखि आर्थिक वर्ष ०८०/०८१ सम्म तीन आर्थिक वर्षमा निर्देशनालयले मात्रै १० हजार २ सय ८७ जनाको छोरी शिक्षा बीमा गरेको छ । अहिलेसम्म १५ हजार ९ सय ५३ जना छोरी शिक्षा बीमामा गरिएको जनाएको छ ।

छोरी शिक्षा बीमामा अहिलेसम्म मधेश प्रदेश सरकारले ५९ करोड ७५ लाख ६१ हजार रूपैयाँ खर्च गरेको निर्देशनालयका उपसचिव तथा सूचना अधिकारी किशोरी कापरले बताए । उनले छोरी शिक्षा बीमामा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले २१ करोड २२ लाख र निर्देशनालयले ३८ करोड ५३ लाख रूपैयाँ खर्च गरेको बताए ।

बजेट, प्रचारप्रसारको अभाव तथा स्थानीय तहहरुसँग समन्वय नहुदाँ छोरी शिक्षा बीमा कार्यक्रम प्रभावकारी हुन नसकेको जनता समाजवादी पार्टी नेपालका मधेश प्रदेशका प्रमुख सचेतक रामअशिष यादवले बताए । छोरीलाई आत्मनिर्भर बनाउनका लागि सञ्चालन गरिएको अभियानलाई वर्तमान सरकारले निरन्तरत दिन नसक्नु दुःखद विषय रहेको प्रमुख सचेतक यादवले बताए । उनले भने, ‘हाम्रो सरकार हुँदा हामीले यो कार्यक्रम व्यवस्थित रुपमा संचालन गरेका थियौँ । पालिकाहरुसँग समन्वय गरेका गरेकायौँ । तर अहिलेको प्रदेश सरकार आफ्नो सत्ता जोगाउन मात्र व्यवस्त देखिएको छ ।’

छोरी बीमा कार्यक्रमले गति लिन नसकेको निर्देशनालयका सूचना अधिकारी कापरले पनि स्वीकार गरे । स्थानीय तह र प्रदेश सरकारबीच समन्वय र सहकार्य नहुँदा र समुदायमा व्यापक प्रचारप्रसार नहुँदा छोरी शिक्षा बीमामा कमी आएको सूचना अधिकारी कापरले बताए ।

उनले मधेश प्रदेशमा अधिकांश गरिब परिवारका अभिभावकहरूले वेबसाइट र अनलाइन तथा समाजिक संजाल चलाउन नजान्ने र गाउँघरमा अनलाइन फ़ार्म भर्ने सुविधा नहुँदा छोरी शिक्षा बीमामा समेत कमी आएको बताए ।

छोरी शिक्षा बीमा कार्यक्रममा २०७८ साल माघ १ यता जन्मिएका प्रत्येक बालिकाका अटाउँछन् । सो बीमामार्फत एक बालिकाको बीमा गर्दा प्रदेश सरकारले ३७ हजार ४ सय ५७ रूपैयाँ २० बर्ष सम्मका लागि ग्लोबल आईएमई बैंकमा मुद्दती बीमा गर्दै आइरहेको सूचना अधिकारी कापरले बताए । बीमित छोरीले २० वर्षपछि ३ लाख पाउनेछन् । त्यसका लागि किशोरी कम्तीमा कक्षा १२ सम्मको अध्ययन गरेको हुनुपर्छ ।

किशोरीको २० वर्ष नपुग्दै बिहे गराएको अवस्थामा बैंकले दिने ३ लाख रुपैयाँबाट बञ्चित हुने कार्यविधि रहेको कापरले बताए ।

मुख्यमन्त्री बेटी बचाउ बेटी पढाउ अभियान अन्तर्गत अधिकांश कार्यक्रमहरु सुरूमा नै विबादित हुँदा यसको असर छोरी शिक्षा बीमामा पनि परेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सूचना अधिकारी जय कुमार राउतले बताए ।

# प्रहरीको एक महिने कार्यसम्पादनः पक्राउदेखि मालसामान बरामदसम्म

**टुडे समाचारदाता**

राजविराज । सप्तरी जिल्ला प्रहरी कार्यालयले चालु आर्थिक वर्ष २०८१/८२ को छोटो समयमै उल्लेख्य प्रगती भएको दाबी गरेको छ ।

सप्तरी प्रहरीले फरार प्रतिवादीहरुको पक्राउ, अपराध नियन्त्रण, कैद र जरिवाना असुली, सामग्री जफतलगायतका कानुनी कारबाहीमा सफलता प्राप्त गरेको दाबी गरेको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीले शनिबार सार्वजनिक गरेको चालु आर्थिक वर्ष २०८१/०८२ को असोज १७ देखि कात्तिक १७ सम्म (३० दिन) को मासिक प्रगती सूचकाङ्कले जिल्लामा कानुनी कार्यान्वयन र अपराध नियन्त्रणमा विगतको तुलनामा प्रगती भएको जनाएको छ ।

एक महिना अघि मात्र जिम्मेवारी सम्हालेका ढकेन्द्र खतिवडाले आफ्नो एक महिने कार्यकालको मासिक प्रगती सूचाकङ्क प्रस्तुत गर्दै सामूहिक प्रयास तथा सबैको साथ र सहयोगले एक पछि अर्को सफलता प्राप्त हुँदै गरेको बताए ।




उनका अनुसार करिब ४ हजार फरार प्रतिवादीको सूची मध्ये ३० दिनको अवधीमा ६६ जनालाई पक्राउ गरिएको छ । पक्राउ परेकाहरुबाट ३ लाख ३१ हजार ८ सय ६१ रुपैयाँ जरिवाना असुल गरिएको छ ।

त्यस्तै पक्राउ परेकाहरुलाई अदालतले तोकेको कैद सजाय अनुसार ४ वर्ष २ महिना ११ दिन कैद भुक्तानका लागि कारागार चलान गरिएको छ । फरार सूचीमा रहेका फरार प्रतिवादी मध्ये कतिपयको मृत्यु भइसकेको पाइएकाले सम्बन्धित पालिकाबाट मृत्यु दर्ता प्रमाणपत्र प्राप्त गरी अदालतबाट लगत कट्टा गर्ने काम समेत भइरहेको उनले जानकारी दिए ।

त्यस्तै एक महिनाको अवधिमा भन्सार छलेर चोरी पैठारी गरी ल्याइएका ४६ लाख ६९ हजार ६ सय ३५ रुपैयाँको विभिन्न सरसामान जफत गरी राजविराज भन्सार कार्यालय चलान गरिएको सप्तरी प्रहरी उपरिक्षक खतिवडाले बताए ।

सो क्रममा अवैध ओसारपोसारका लागि प्रयोग गरिएका ७/७ वटा मोटरसाइकल र साइकल तथा एक/एक वटा कार र सिटी रिक्सासहित १० जना मानिस समेतलाई पक्राउ गरी भन्सार कार्यालय चलान गरिएको उनले बताए ।

यसअघि चालु आर्थिक वर्ष २०८१/०८२ कै साउनदेखि असोज १६ सम्मको अवधिमा प्रहरीले ७ जना फरार प्रतिवादी मात्र पक्राउ गरेको थियो । यस्तै सोही अवधिमा भन्सार छलेर ल्याइएका १९ लाख ६७ हजार रुपैयाँको अवैध सरसामान मात्र भन्सार बुझाइएकोमा एक महिना यता प्रहरीले फरार सूचीमा रहेका अपराधी पक्राउ गर्न र सीमा क्षेत्रमा निगरानी कडा पारेपछि एकीकृत सुरक्षा योजना प्रभावकारी देखिएको उनको भनाइ छ ।

सप्तरी प्रहरी कार्यालयमा जम्मा ८ सय ४१ जनाको थोरै जनशक्तिबाट जिल्लाको झण्डै ७/८ लाख जनतालाई शान्ति सुरक्षाको व्यवस्था र न्यायको वातावरण तयार गर्न चुनौती रहे पनि उपलब्ध जनशक्तिबाटै यसको व्यवस्थापन गर्दै आएको उनको भनाइ छ ।

मधेश प्रदेश प्रहरी कार्यालयले शान्ति सुरक्षा र अपराध नियन्त्रणका लागि ४० बुँदे निर्देशन जारी गरी कार्यान्वयनका लागि सम्झौता समेत गरिएको भन्दै त्यसको पालना पनि आफूहरुले गरेको उनले बताए ।

सो पत्रकार सम्मेलनमा जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्तासमेत रहेका प्रहरी नायब उपरिक्षक जितेन्द्र कुमार बस्नेत तथा मातहतका इलाका प्रहरी कार्यालयका प्रमुखहरुको समेत उपस्थिति रहेको थियो ।

# बहुदरमाईमा मेयर र प्रशासकीय अधिकृतबीच अविश्वास

**टुडे समाचारदाता**

वीरगञ्ज । बहुदरमाई नगरपालिकाका मेयर र प्रमुख प्रशासकीय अधिकृतबीच उत्पन्न विवादले दैनिक कार्य प्रभावित भएको छ ।

बहदुरमाई नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत शेरे मुस्तफाले आफू अनुकूल काम गर्न नपाएपछि स्थानीय दलहरुबीचको राजनीतिक खिचातानीको फाइदा उठाउँदै मेयर सिंहासन साह तेलीविरुद्ध प्रचारबाजी गरेको मेयर पक्षको आरोप छ ।

नगर परिषद् भएलगत्तै खर्चको अख्तियारी मागेका मुस्तफाले अख्तियारी नपाएपछि कर्मचारी उचालेर मेयरविरुद्ध प्रचारबाजी गरेको मेयर पक्षले आरोप लगाएको छ ।

ढिलो गरी कार्तिक ८ गते नगर परिषद् भएपछि प्रमुख प्रशासकीय अधिकृत मुस्तफाले अख्तियार मागेका थिए । तर वडा नम्बर ६ को बजेट नै आउन बाँकी रहेको र चाडपर्वको विदा भएकाले अख्तियारी पाउन नसकेका मुस्तफा मेयर तेलीमाथि खनिएको पाइएको छ । कर्मचारीले तलब नपाएको विषय उचाल्दै सामाजिक सुरक्षा भत्तासमेत वितरण नभएको विषयमा मेयरको नाम जोडेर प्रचार भएपछि





मेयर तेलीले यसको खण्डन गरे ।

असार १० गतेभित्र नगर परिषद् गरिसक्नु पर्ने भए पनि ढिलो अर्थात् कार्तिक ८ गतेमात्रै नगर परिषद् भएपछि चाडपर्वका बेला कर्मचारीले तलब पाउन नसकेको उनको भनाइ छ । कार्तिक ८ गते नगर परिषद् भएपछि ढिलाइका कारण चाडपर्वमा कर्मचारीलाई तलब भत्ता पठाइएपछि वितरण हुन नसकेको मेयर तेलीले बताए ।

तेलीले ७ वटा वडामा भत्ता वितरण केही दिनमा हुने बताए ।

प्रशासकीय अधिकृत मुस्तफाले शिक्षक र कर्मचारीको तलब पठाउन ढिलाइ भएको बताए ।

मेयर तेलीले स्थानीय प्रशासकीय अधिकृत हुँदा पालिका सञ्चालन सहज होस् भन्ने अपेक्षामा कार्यकारी अधिकृतबाटै असहयोग महसुस गरेको मेयरले जनाएको छ ।

नगर परिषद् भए पनि वडा नम्बर ६ को योजना आउनै बाँकी छ । नगरसभाका निर्णय सफ्टवेयरमा प्रविष्टसँगै प्रमुख प्रशासकीय अधिकृतलाई खर्चको अधिकार दिइन्छ, तर वडाको बजेट आउनै सकेको छैन । यस्तो अवस्थामा प्रमुख प्रशासकीय अधिकृतले समन्वय नगरेको मेयर साह पक्षले आरोप लगाएको छ ।

वडाको बजेट आउन बाँकी रहेको प्रमुख प्रशासकीय अधिकृत मुस्तफाले पनि स्वीकार गरेका छन् ।

प्रमुख प्रशासकीय अधिकृत मुस्तफाले आफूले कसैलाई नउक्साएको दाबी गरे । उनलाई मेयरविरुद्ध प्रचारबाजी र कर्मचारी उक्साएको मेयर पक्षको आरोप छ ।

मेयर तेलीले नगर परिषद् सकिएलगत्तै प्रमुख प्रशासकीय अधिकृत मुस्तफालाई खर्चको अधिकार दिन खोजिएको, तर अझै विश्वासको वातावरण नबनेको बताए ।

# डा. ओममूर्ति अनिललाई पैतृक गाउँको मोह

**टुडे समाचारदाता**

जनकपुरधाम । मुटुरोग विशेषज्ञ डा. ओममूर्ति अनिल प्रत्येक वर्ष छठ पर्वको बखत जन्मथलोका



लागि केही गरौँ भन्ने मनसायले प्रेरित हुन्छन् ।

उनले संसारको जुनसुकै ठाउँमा पुगे पनि, जस्तोसुकै पेशा व्यवसायमा संलग्न रहे पनि आफ्नो गाउँ, जन्मस्थान र पृष्ठभूमिलाई भुल्न नहुने बताउँछन् ।

महोत्तरीको धमौरामा शनिबार बुबा तेजनारायण सिंहको दोस्रो वार्षिक पुण्यतिथिका अवसरमा आयोजित स्मृति सभामा बोल्दै डा. अनिलले अध्ययन र पेशाकर्मका कारण सन्तानहरू शहर केन्द्रित हुन थालेपछि धेरैको गाउँसँगको सम्बन्ध टुटेको बताए ।

आफूहरु पनि पढाइ र कामको सिलसिलामा शहरमा बस्न थालेपछि बुबाले गाउँमा घर बनाउन सुझाव दिएको उनले स्मरण गरे । डा. अनिलले भने, ‘ तत्कालीन अवस्थामा मलाई त्यो रुचीकर थिएन । बुबाको इच्छा पूरा गरिदिएजस्तो लाग्थ्यो । तर, अहिले घरकै कारण गाउँसँग जोडिरहन पाउँदा आनन्द र सन्तुष्टि प्राप्त भइरहेको छ ।’

सो स्मृति सभामा मुटुरोग विशेषज्ञ डा. अनिल र उनका दाजुहरु अभय सिंह र अजित सिंहले संयुक्त रूपमा बुबाले स्थापना गरेको विद्यालयको शैक्षिक विकासका निम्ति ५ लाख ११ हजार १११ रुपैयाँ आर्थिक सहयोग गरे ।


जिल्लाको बलवा नगरपालिका-१० स्थित जनता राष्ट्रिय मावि धमौराका प्रधानाध्यापक योगेन्द्र यादवलाई सो रकम हस्तान्तरण गरे ।

# टिपरको ठक्करबाट एक जनाको मृत्यु, तीन घाइते

**टुडे समाचारदाता**

जनकपुरधाम । महोत्तरीको टुटेश्वरमा टिपरले ट्रैक्टरलाई ठक्कर दिँदा एक जनाको मृत्यु भएको छ भने तीन जना घाइते भएका छन् । जिल्लाको बर्दिवास-५ स्थित टुटेश्वरको जंगलमा सवारी दुर्घटना हुँदा एकजनाको मृत्यु र तीनजना घाइते भएका छन् ।

माईस्थानबाट सर्लाहीतर्फ जाँदै गरेको ना ४ त ६८२३ नम्बरको ट्रैक्टरलाई ना ८ ख ३१६ नम्बरको टिपरले शुक्रबार राति पछाडिबाट ठक्कर दिँदा सर्लाही ईश्वरपुर-१२ का ३७ वर्षीय सन्तोष मगरातीको मृत्यु भएको छ ।



ठक्करबाट महोत्तरी बर्दिवास-७ की १५ वर्षीया दीक्षा लुङ्गेली, सर्लाही ईश्वरपुर-१२ का १७ वर्षीय रविन मिरिङचिङ र ४४ वर्षीय डम्बरबहादुर मगर घाइते भएको इलाका प्रहरी कार्यालय बर्दिवासका प्रहरी नायव उपरीक्षक रेवतीरमण पोखरेलले बताए ।

घाइते तीन जनाको स्थानीय शुभस्वास्तिक अस्पतालमा भर्ना गरिएको महोत्तरी प्रहरीले जनाएको छ । उनीहरूको टाउको, छाती र कम्मरमा चोट लागेको छ ।

मृतक र घाइतेहरू सबै ट्रैक्टरको ट्रेलरमा बसेर सर्लाहीतर्फ जाँदै थिए । दुर्घटनामा संलग्न दुवै सवारी र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ ।

ऋद्धि सिद्धि बचत तथा ऋण सहकारी संस्था लि.
मि.न.पा.-६, ढल्केवर, धनुषा

सूचना ! सूचना !! सूचना !!!

ऋद्धि सिद्धि बचत तथा ऋण सहकारी संस्था लि. ढल्केवरको १७ औं वार्षिक साधारण सभा यही मिति २०८१/०७/२८ गते बुधबारका दिन दिउँसो १:०० बजे ऋद्धि सिद्धि बचत तथा ऋण सहकारी संस्थाको प्राङ्गनमा हुने भएकोले सो साधारण सभामा सम्पूर्ण शेयर सदस्य, बचतकर्ता, ऋणीज्यूहरुलाई उपस्थित भई दिनु हुन अनुरोध गर्दछु ।

अध्यक्ष
मो.नं. ९८५४०२६७२९
ऋद्धि सिद्धि बचत तथा ऋण सहकारी संस्था लि.
मि.न.पा.-६, ढल्केवर, धनुषा

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८